# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक १९६ | काठमाडौं | मंगलबार, २७ कात्तिक २०८१ | Prabhab National Daily | Tuesday, November 12, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासोरजिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७र९७६१८१५४०००र
९८४११५१२१७र९८४१२४६२६९
marketing2prabhab@gmail.com


# कोप-२९ मा नेपालको एजेण्डा राख्दै राष्ट्रपति पौडेल



**अजरबैजानको राजधानी बाकुमा सोमबार सुरु भएको कोप-२९ मा सहभागी राष्ट्रपति रामचन्द्र पौडेल ।** *तस्बिरः रासस*

■ **जेबी योञ्जन**

- हानि र नोक्सानी कोषको शीघ्र सञ्चालन
- जलवायु वित्तमा सहज पहुँच बढाउन दबाब
- कम कार्बन उत्सर्जन गर्ने देशलाई क्षतिपूर्ति
- हिमालको सुरक्षामा मुख्य चासो
- जलवायु वित्तमा प्रतिबद्धताअनुसारको रकमका लागि दबाब

काठमाडौं- राष्ट्रपति रामचन्द्र पौडेलले जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि (युएनएफसिसिसी)का पक्ष राष्ट्रहरूको २९औं सम्मेलन (कोप-२९)मा आज सम्बोधन गर्दै छन् । अजरबैजानको राजधानी बाकुमा सुरु भएको उच्चस्तरीय सत्र भनिएको 'विश्व नेताहरू जलवायु कार्य शिखर सम्मेलन'लाई पौडेलले सम्बोधन गर्न लागेका हुन् ।

सम्बोधनको क्रममा राष्ट्रपति पौडेलले जलवायु परितर्वनको कारण नेपालसहित विश्वभर परेको असर, त्यसको क्षतिपूर्ति र जलवायु परिवर्तनबाट पर्ने असरबाट जोगिने सम्बन्धमा धारणा राख्ने भएका छन् ।

विश्वलाई हिमालयको सुरक्षा भनेको पृथ्वीको सुरक्षा हो भन्ने विषयमा राष्ट्रपति पौडेलले सन्देश दिने र हिमालयको सुरक्षा नेपालको मात्र नभई संसारकै सुरक्षा हो भन्ने विषयमा राष्ट्रपतिले जोड दिने उनका प्रेस सल्लाहकार किरण पोखरेलले बताए ।

उनका अनुसार राष्ट्रपति पौडेलले हानि र नोक्सानी कोषको शीघ्र सञ्चालन गर्नुपर्नेसम्बन्धी पनि विचार राख्ने छन् । यसबाहेक नेपालजस्ता मुलुकहरूलाई जलवायु वित्तमा सहज पहुँच नभएको कारणले विनाझन्झट आवश्यक र पाउनुपर्ने जलवायु वित्त उपलब्ध गराउन पनि राष्ट्रपति पौडेलले माग गर्ने छन् ।

नेपालजस्ता कम कार्बन उत्सर्जन गर्ने मुलुकलाई बढी कार्बन उत्सर्जन गर्नेले क्षतिपूर्ति दिनुपर्ने विषयले पनि सम्मेलनमा प्राथमिकता पाउने भएको छ ।

हिमालको सुरक्षा, जलवायु वित्तमा प्रतिबद्धताअनुसारको रकम उपलब्ध गराउनुपर्ने, नेपालजस्ता मुलुक बढी कार्बन उत्सर्जन गर्ने मुलुकहरूबाट प्रभावित भएको र पर्यावरणलाई बचाइराख्न परम्परागत पोखरी र कुवालाई पुनर्जीवित गर्नुपर्ने एजेण्डा पनि नेपालको छ ।

सम्मेलनस्थलमा नै नेपालले बुधबार 'पर्वतीय क्षेत्रमा जलवायुजन्य हानि तथा नोक्सानीको सम्बोधन' विषयक छुट्टै उच्चस्तरीय बैठकको आयोजना गर्ने भएको छ । बैठकको अध्यक्षता राष्ट्रपति पौडेलले गर्ने छन् ।

बैठकमा संयुक्त राष्ट्रसंघका प्रतिनिधि, पर्वतीय मुलुकका प्रमुख तथा प्रतिनिधि, विकास तथा साझेदार निकायका प्रमुख तथा प्रतिनिधि, सरोकारवाला निकायका प्रतितिधिको सहभागिता रहने छ । उनीहरूलाई नेपालले मेलम्ची, मुस्ताङ, कञ्चनपुरलगायत स्थानमा असामान्य मौसमीजन्य घटनाका कारण आएको बाढीपहिरो तथा यसबाट भएको क्षतिबारे जानकारी गराउने तयारी गरेको छ ।

बैठक आयोजनाका लागि वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरी, मन्त्रालयका सदस्यहरू तथा परराष्ट्रसचिव सेवा लम्सालसँगै राष्ट्रपति पौडेलका सचिवालय सदस्यहरू पनि त्यहीँ छन् ।

गत वर्ष संयुक्त अरब इमिरेट्स (दुबई)मा सम्पन्न कोप-२८ मा पनि नेपालले हिमालका मुद्दाबारे विश्वको ध्यानाकर्षण गराएको थियो । त्यसका लागि तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालको नेतृत्वमा सम्मेलनकक्षमै उच्चस्तरीय बैठकको आयोजना गरिएको थियो ।

(क्रमशः पृष्ठ २ मा)

डेडिकेटेड-ट्रंकलाइन महसुल विवाद

# अडानमा कुलमान 'एक्सन'मा ओली

## लाल आयोगको प्रतिवेदन सार्वजनिक गरेर दबाब बढाउँदै सरकार || बक्यौता चुक्ता नगरेसम्म बिजुली नजोड्ने अडानमै कुलमान

■ **प्रभाव संवाददाता**

काठमाडौं- लाइन काटिएका उद्योगमा बिजुली जोड्न दिएको निर्देशन पालना नगरेपछि सरकारले नेपाल विद्युत् प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङमाथि दबाब बढाएको छ । घिसिङलाई प्राधिकरणबाट जसरी पनि हटाउन जोडबल गरिरहेका प्रधानमन्त्री केपी शर्मा ओलीले उनीमाथि दबाब बढाएका हुन् ।

सोमबार आपूर्ति बन्द गरिएका ४४ उद्योगमा लाइन जोड्न मन्त्रिपरिषदले ताकेता गर्दासमेत शुल्क नतिरी प्राधिकरण टसमस नहुने अडानमा देखिएपछि सरकार चौतर्फी हस्तक्षेपमा उत्रेको छ । आइतबारको मन्त्रिपरिषद्ले २४ घण्टाभित्र आपूर्ति बन्द गरिएका उद्योगमा लाइन नियमित छाड्ने व्यवस्था गर्न ऊर्जा मन्त्रालयलाई निर्देशन दिइएको थियो । तर, ऊर्जामन्त्री दीपक खड्का यो व्यवस्थापनमा सफल हुन सकेनन् । त्यसपछि उद्योगीको चाहनाअनुसार मन्त्री खड्काले सोमबार साँझ लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्दै प्राधिकरणमाथि दबाब बढाएका छन् ।

मन्त्री खड्काले लाइन जोड्न पत्र भर्खरैमात्र प्राप्त भएकोले मंगलबारसम्म लाइन जोड्ने पत्रकार सम्मेलनमा बताए । '२४ घण्टाभित्र लाइन जोड्ने भनिएकोमा भर्खरै पत्र प्राप्त भएको छ । भोलिसम्म लाइन जोडिने छ,' सोमबार मन्त्रालयले आयोजना गरेको पत्रकार सम्मेलनमा मन्त्री खड्काले भने ।





> बिजुलीको लाइन जोडिएन होइन ? ठीक छ तर देश बिगार्न, उद्योगधन्दा बन्द गर्न र देशलाई टाट पल्टाउनचाहिँ दिइँदैन ।
>
> ■ **केपी शर्मा ओली**
> **प्रधानमन्त्री**

लाल आयोगको प्रतिवेदन बक्यौता नतिर्ने उद्योगीको पक्षमा भएको बताइएको छ । पूर्वन्यायाधीश गिरिशचन्द्र लालको अध्यक्षतमा २०८० पुस २४ गते तत्कालीन सरकारले बक्यौता विवाद समाधान गर्न तीन सदस्यीय समिति गठन गरेको थियो । उक्त समितिले दिएको सुझावमा कुलमान नेतृत्वको विद्युत् प्राधिकरणले बेलाबेला परिभाषा बदलेको देखिएको किटान गरेको छ । महसुल निर्धारण आयोग हुँदाहुँदै प्राधिकरणले उद्योगीमाथि जबरजस्ती महसुल बढाएकोसमेत प्रतिवेदनमा उल्लेख छ । जसकारण उद्योगी मारमा परेकाले यो कानुनसम्मत नभएको आयोगको प्रतिवेदनमा उल्लेख ।

'नियमित महसुल यी ग्राहकले बुझाइसकेका देखिनाले, लोडसेडिङको विशेष परिस्थितिमा गरिएका विशेष अवस्थाका महसुल लगाउन जारी राख्न खोज्नु कुनै कारणले पनि औचित्यपूर्ण एवं कानुनसम्मत हुन सक्दैन,' लाल आयोगको प्रतिवेदनमा भनिएको छ ।

### यो कुनै हस्तक्षेप हैन : ऊर्जासचिव

उद्योगीको लाइन नजोडेपछि विराटनगर पुगेका बेला प्रधानमन्त्री ओलीले देशलाई टाट पल्टाउन नदिइने अभिव्यक्ति दिए । 'बिजुलीको लाइन जोडिएन होइन ? ठीक छ, त्यो हेर्नुपर्छ । तर देश बिगार्न, उद्योगधन्दा बन्द गर्न र देशलाई टाट पल्टाउनचाहिँ दिइँदैन,' प्रधानमन्त्री ओलीले भने ।

प्राधिकरणका प्रबन्ध निर्देशक घिसिङ सञ्चालक समितिको बैठकपछि मात्र उद्योगीको लाइन जोड्ने या नजोड्ने निर्णय लिइने अडानमा छन् । तर, ऊर्जामन्त्री खड्काले भने यसका लागि कुनै बैठकको जरुरत नपर्ने बताए । 'बोर्डको बैठकको निर्णय कुनै पर्दैन,' ऊर्जामन्त्री खड्काले भने ।

(क्रमशः पृष्ठ २ मा)

### लाल आयोगको प्रतिवेदनमा के छ ?

१९५ पृष्ठको लाल आयोगको प्रतिवेदनमा विवादमा रहेको प्रथम अवधि अर्थात् २०७२ साउनदेखि २०७२ पुससम्मको बक्यौता तिर्न नपर्ने सुझाइएको छ । 'सामान्य दृष्टिकोणले हेर्दासमेत पहिले निर्धारण भएबमोजिमका महसुल उपभोक्ताहरूले बुझाई फर-फारक गरिसकेका अवस्थामा, अघि बुझाइसकेका अवधिहरूका महसुलहरू सम्बन्धमा पुनः थप महसुल लाग्ने कुरा गर्नु कुनै प्रकारले व्यवहारिक पनि हुन सक्दैन,' प्रतिवेदनमा छ । यो अवधिमा तत्कालीन महसुल निर्धारण आयोगले महसुल तोकेको थिएन ।

(क्रमशः पृष्ठ २ मा)

सन्दर्भः वैदेशिक रोजगार

# अवैधानिक कामदारलाई सम्बन्धित देशमै श्रम स्वीकृति दिंदै सरकार

■ **प्रभाव संवाददाता**

**काठमाडौं**- सरकारले अवैधानिकरूपमा विदेश गएर काम गरिरहेका नेपाली कामदारहरूलाई वैधानिकता प्रदान गर्न श्रम स्वीकृति दिने निर्णय गरेको छ । अवैधानिक तवरबाट गन्तव्य मुलुकमा पुगेर काम गरिरहेका घरेलु महिला कामदार र भिजिट भिसामा गएर सम्बन्धित मुलुकमा भिसा परिवर्तन गरी काम गर्ने नेपालीहरूलाई विदेशस्थित नेपाली दूतावास तथा नियोगहरूबाटै श्रम स्वीकृति दिने व्यवस्था मिलाउने निर्णय गरिएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जनाएको छ ।




सरकारले यसअघि गत सेप्टेम्बर महिनाको अन्तिमसम्म रोजगारीका लागि अवैधानिकरूपमा विदेश गएका नेपालीहरूलाई वैधानिकता दिन आवश्यक निर्णय गरिसकेको श्रममन्त्री शरतसिंह भण्डारीले बताए । सोमबार मन्त्रालयमा पत्रकारहरूसँगको भेटमा मन्त्री भण्डारीले नेपालबाट जाँदा अवैधानिकरूपमा गए पनि गन्तव्य मुलुकमा वैधानिकरूपले काम गरिरहेका नेपाली नागरिकलाई अवैधानिक बनाइराख्न नहुने मान्यताका साथ विदेशबाटै श्रम स्वीकृति प्रदान गर्ने निर्णय गरिएको बताए ।

'हामीले अवैधानिक भनेर के गर्ने ? काम लगाउने देशले नै वैधानिकरूपमा काम लगाइरहेको छ,' मन्त्री भण्डारीले भने, 'यस्तो अवस्थामा हाम्रा नागरिकलाई अवैधानिक बनाइराख्नु हुँदैन भनेर दूतावास र कूटनीतिक नियोगहरूमार्फत श्रम स्वीकृति दिने व्यवस्था मिलाइएको हो ।' बायोमेट्रिक नभएका कामदारलाई गन्तव्य मुलुकहरूबाटै श्रम स्वीकृति दिन केही प्राविधिक समस्या देखिए पनि यसको निराकरण गर्न आवश्यक तयारी भइरहेको मन्त्री भण्डारीले बताए । 'राष्ट्रिय परिचयपत्र र पासपोर्टको प्रणालीमा भएको बायोमेट्रिकका आधारमा पनि श्रम स्वीकृति दिन सकिन्छ कि भनेर तयारी गरिरहेका छौं,' उनले भने ।

मन्त्री भण्डारीले घरेलु श्रमिकहरूलाई बिदामा स्वदेश आएर पुनः गन्तव्य मुलुकमा जान पाउने वातावरण मिलाउन पनि श्रम स्वीकृति दिने निर्णय गरिएको हो ।

(क्रमशः पृष्ठ २ मा)

# श्रम स्वीकृति लिएकालाई भारतको विमानस्थलबाट जान दिइने

**काठमाडौं (प्रस)**- सरकारले श्रम स्वीकृति प्राप्त गरेका नेपाली कामदारलाई भारतको विमानस्थल हुँदै श्रम गन्तव्य मुलुक जान दिने व्यवस्था गरेको छ । वैदेशिक रोजगारीमा जाने नेपाली कामदारलाई श्रम स्वीकृति लिएको खण्डमा भारतको विमानस्थल प्रयोग गरेर जाने व्यवस्था गरिएको भारतको नयाँदिल्लीस्थित नेपाली दूतावासले जनाएको छ ।

दूतावासले सोमबार एक सूचना जारी गर्दै वैदेशिक रोजगार विभागले श्रम स्वीकृति दिएका नेपाली नागरिकहरूलाई भारतको विमानस्थल हुँदै श्रम गन्तव्य मुलुक जानका लागि 'नो अब्जेक्सन' सर्टिफिकेट (एनओसी) नचाहिने व्यवस्था लागू गरेको जनाएको छ । साउदी अरब, कतार, कुवेत, संयुक्त अरब इमिरेट्स, ओमान, बहराइन, इराक, लिबिया र लेबनान जाँदा यस दूतावासबाट एनओसी लिनुपर्ने प्रावधान भए पनि वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका नेपाली नागरिकहरूलाई भने एनओसी जरुरी नरहेको सूचनामा उल्लेख गरिएको छ ।

त्यसैगरी, नेपाली कूटनीतिक/आधिकारिक/सेवा राहदानीबाहकहरू, संयुक्त राष्ट्रसंघ लायसेज-पासर (युएनएलपी) भएका नेपाली नागरिक र १६ वर्ष मुनिका नेपाली नाबालिगहरूलाई पनि एनओसी आवश्यक नपर्ने दूतावासले जनाएको छ । यस्तै अमेरिका, बेलायत तथा सेनजेन मुलुकको भिसा भएका नेपाली नागरिकहरूलाई पनि एनओसी आवश्यक नपर्ने बताइएको छ । तर, रुस सरकारबाट छात्रवृत्ति प्राप्त गर्ने र व्यावसायिक भिसा हुनेहरूबाहेक रसिया जाने यात्रुहरूले भने दूतावास वा नेपालको कन्सुलर सेवा विभागबाट अनिवार्य एनओसी प्राप्त गर्नुपर्ने दूतावासले उल्लेख गरेको छ ।

ट्राभल एनओसी आवश्यक पर्ने नेपाली नागरिकलाई इमेलमार्फत दूतावासको वेबसाइटमा उल्लेख गरिएका सबै आवश्यक कागजातसहित तोकिएको मितिभन्दा कम्तीमा सात दिन अगाडि सम्पर्क गर्न दूतावासले आग्रह गरेको छ ।

(क्रमशः पृष्ठ २ मा)




## पृष्ठ १ बाट क्रमशः

### अडानमा कुलमान...

प्राधिकरण र उद्योगी दुवैले लाल आयोगको प्रतिवेदन मान्ने भनेकोले सार्वजनिक गरिएको खड्काले बताए । खड्काले बिल भेरिफाइ गर्ने कुरा प्राधिकरणको र पैसा नदिए के कारबाही गर्ने भन्ने विषय सरकारको भएको बताए । 'बिल दिने, पैसा लिने हो । यसका लागि १५ दिनको समय दिइएको हो,' खड्काले भने ।

ऊर्जासचिव सुरेश आचार्यले भने यसलाई हस्तक्षेपका रूपमा लिन नहुने बताएका छन् । 'लाल आयोगको प्रतिवेदन राज्य र उद्योगी दुवैले स्वीकार गरेको हो । हठात् लाइन काटिँदा रोजगारीमा असर पर्‍यो । उत्पादनमा असर पर्‍यो । निर्यातमा पनि असर परेको छ,' सचिव आचार्य भने, 'नौ वर्ष भइसक्यो विवाद नसल्टेको । त्यसैले यसमा मन्त्रालयले सहजीकरण गरेको हो । यो कुनै हस्तक्षेप हैन ।'

●●●

### लाल आयोगको...

दोस्रो अवधि अर्थात् नेपालमा लोडसेडिङ अन्त्य हुनु अघिको अवधि (२०७२ माघदेखि २०७५ वैशाखसम्म) छुट महसुल उठाउन भनेको छ । यो अवधिको प्राधिकरण स्वयंले जारी गरेका लोडसेडिङसम्बन्धी सूचनासमेत ध्यानमा राखी डेडिकेटेड लाइनमार्फत सम्बन्धित ग्राहकहरूलाई विद्युत् आपूर्ति भएका दिन तथा अवधिहरू यकीन गरी पुनः हिसाब गरेर महसुल लिन पाउने उल्लेख छ ।

तेस्रो अवधि अर्थात् नेपालमा लोडसेडिङ अन्त्य भएको समयपछिको अवधि (२०७५ जेठदेखि २०७७ असार) सम्मको नियमित महसुल यी ग्राहकले बुझाइसकेका देखिनाले लोडसेडिङको विशेष परिस्थितिमा गरिएका विशेष अवस्थाका महसुल लगानी जारी राख्न खोज्नु, कुनै कारणले पनि औचित्यपूर्ण एवं कानुनसम्मत हुन नसक्ने भनिएको छ ।

●●●

### कोप-२९ मा...

यसरी पछिल्ला वर्षहरूमा विश्व मञ्चमा जलवायु परिवर्तनलाई नेपालले मुल मुद्दा बनाउने गरेको छ । राष्ट्रपति पौडेल स्वयं यसबारे बढी चिन्तित छन् र उनले जलवायु परिवर्तनले नेपालजस्तो देशहरूलाई पारेको प्रभावबारे आवाज उठाउँदै आएका छन् । क्षतिपूर्तिको विषयलाई पनि बारम्बार उठाउने गरेका छन् ।

उनले आइतबार कोप-२९ मा भाग लिन कतारको दोहाबाट अजरबैजानको बाकु जाने क्रममा जहाजमै संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेससँग भेट हुँदा पनि जलवायु परिवर्तनबाट उत्पन्न समस्याका बारेमा संक्षिप्त कुराकानी गरेका थिए ।

'जलवायु परिवर्तन हामी सबैको साझा समस्या हो । हिमाल, पृथ्वी र मानव समुदायको रक्षाका लागि यो समस्या समाधान गर्न हामी सबै जुट्नुपर्छ,' पौडेल र गुटेरेसबीच भएको कुराकानी उद्धृत गर्दै पौडेलका प्रेस सल्लाहकार पोखरेलले बताए ।

यसअघि प्रधानमन्त्री केपी शर्मा ओलीले गत असोजको दोस्रो साता संयुक्त राष्ट्रसंघको ७९औं महासभाको उच्चस्तरीय छलफललाई सम्बोधन गर्दै जलवायु परिवर्तनले नेपालमा पारेको असर यसको क्षतिपूर्तिको बारेमा जोड दिएका थिए ।

जलवायु परिवर्तन पृथ्वी, मानिस र सम्बृद्धिको लागि सबैभन्दा ठूलो खतराका रूपमा देखापरेको भन्दै उनले चिन्ता व्यक्त गरेका थिए । यसले गर्दा कोपमा नेपालको प्राथमिकता भनेको जलवायु परिवर्तनले परेको प्रभाव र त्यसले पुर्‍याएको क्षतिपूर्ति नै हो । जुन राष्ट्रपति पौडेलले आजको सम्मेलनमा राख्दै छन् ।

कोप-२९ सम्मेलन मुलतः जलवायु वित्तमा हुने भएको छ । सम्मेलनमार्फत जलवायु वित्तको मार्गदर्शन, हानि नोक्सानी कोषको प्रभावकारिता, पेरिस सम्झौताको आर्टिकल-६ अनुसार कार्बन व्यापारसम्बन्धीको विस्तृत मार्गदर्शन, धनी मुलुकहरूले कम विकसित मुलुकहरूलाई दिने रकमको सुनिश्चिता, समावेशिता, जलवायु अनुकूलनका लागि नयाँ साझा परिमाणित जलवायु वित्त लक्ष्य अर्थात् न्यु कलेक्टिभ क्वान्टिफाइड गोल (एनसिक्युजी)लाई मूर्त रूप दिइनुपर्नेलगायत एजेन्डा छन् ।

सम्मेलन भने आइतबारदेखि नै सुरु भएको छ । बढ्दो जलवायु संकट सम्बोधन गर्ने सम्मेलनको उद्देश्य छ । आगामी ७ मंसिरसम्म चल्ने सम्मेलनका क्रममा विश्वका झण्डै २०० देशका नेताहरूले जलवायु संकट सम्बोधन गर्नेबारे छलफल गर्ने भएका छन् ।

संयुक्त राष्ट्रसंघले पछिल्लो समय बढ्दो विश्वव्यापी तापक्रमका कारण उत्पन्न प्रतिकूल मौसमी घटनालाई विश्वव्यापी समाधानका लागि सहभागी देशलाई एकताबद्ध बनाउने अपेक्षा गरेको छ ।

●●●

### अवैधानिक कामदारलाई ...

'बिदामा नेपालमा आएर फेरि काममा फर्किन नपाइने हो कि भन्ने डरले थुप्रै मान्छे घर आउन सकेका छैनन्, सकस भोगिरहेका छन्, चाहना हुँदाहुँदै पनि आफ्नो घरपरिवार छोराछोरीसँग मिलन हुन पाएका छैनन्, यी सबै समस्याको समाधान गर्नु सरकारको दायित्व हो, त्यसका लागि पनि यो निर्णय भएको हो,' मन्त्री भण्डारीले भने ।

अवैधानिकरूपमा विदेश गएर काम गर्ने घरेलु महिला कामदार र भिजिट भिसामा गएर कामदार भिसामा परिवर्तन गरी काम गर्ने नेपालीहरूको यकीन तथ्यांक नभए पनि सरकारको निर्णयबाट ठूलो संख्यामा त्यस्ता कामदारले लाभ उठाउनसक्ने बताइन्छ । श्रम स्वीकृति नलिई विभिन्न माध्यमबाट विदेश जाने घरेलु कामदार र भिजिट भिसामा पुगेर कामदार भिसा लिने नेपालीको संख्या तीन लाखको हाराहारीमा रहेको अनुमान गरिएको छ । नेपालबाट विशेषगरी भिजिट भिसामा दुबई गएर अन्य मुलुकमा कामदार भिसामा जाने गरेको जानकारहरू बताउँछन् । मलेसिया, साउदी अरब, कुवेत, ओमानलगायतका मुलुकमा अवैधानिक तरिकारले घरेलु कामदार पुग्ने गरेका छन् । विद्यमान कानुनअनुसार विदेशमा त्यसरी काम गरिरहेका नेपालीहरू अवैधानिक कामदार हुन् ।

●●●

### श्रम स्वीकृति ...

साथै एनओसीका लागि सेवा शुल्क प्रतिव्यक्ति एक हजार भारतीय रूपैयाँ तोकिएको छ । यसका लागि दूतावासले आफ्नो बैंक खाता नम्बर र क्युआर कोडसमेत सार्वजनिक गरेको छ ।

काठमाडौंको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल स्तरोन्नति प्रयोजनका लागि दैनिक १० घण्टा बन्द हुने भएपछि एयरलाइन्स कम्पनीहरूले विदेश यात्रा गर्ने यात्रुहरूबाट मुलुकअनुसार चार गुणासम्म हवाई भाडा असुल्न थालेपछि वैदेशिक रोजगार व्यवसायीहरूले नियमित भाडादरमा वा भारतको विमानस्थल प्रयोग गरेर कामदारलाई श्रम गन्तव्य मुलुकमा जान दिनुपर्ने आवाज उठाउँदै आएका थिए । वैदेशिक रोजगार व्यवसायीहरूले हवाई भाडा चर्को भएको भन्दै यसलाई घटाउनुपर्ने माग गर्दै केही दिनअघि श्रम मन्त्रालय, पराराष्ट्र मन्त्रालय, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई ज्ञापनपत्रसमेत बुझाएका थिए । सोहीअनुरूप परराष्ट्र मन्त्रालयको समन्वयमा वैदेशिक रोजगारीको गन्तव्य मुलुकमा जान भारतीय विमानस्थल प्रयोग गर्दा एनओसी नचाहिने व्यवस्था गरिएको बताइएको छ ।


## युएइमा रोजगार

कम्पनी : ALI & SONS CONTRACTING COMPAY OWNED BY ALI AND SONS HOLDING-SOLE PROPRIETORSHIP L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/०७/२६ LT. No. 313396 चलानी नं.६०२२७८३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 200 | 0 | 800 | २९,३९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL WATHBA BUILDING CONTRACTING CO.

पूर्व स्वीकृति मिति : २०८१/०७/२६ LT. No. 313397 चलानी नं.६०२२७८३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 100 | 0 | 900 | ३३,०७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर ४ गते (19th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC 537/061/62

ABC PLACEMENTS PVT. LTD

Gaushala-9, Kathmandu, Nepal, Tel : 977-1-4482340,

Email : infoabcplacement@gmail.com, info@abcplacement.com, Website: www.abcplacement.com



अब मात्र एक क्लिकमा...

www.prabhabonline.com

facebook www.facebook.com/Prabhab Online

प्रभाव दैनिक


## बोलपत्रद्वारा गोलिया काठ/दाउरा लिलाम बिक्रीको सूचना

**तेस्रो पटक सूचना प्रकाशित मिति: २०८१/०७/२७**

डिभिजन वन कार्यालय, दाङ घोरहीको च.नं. १४४ मिति २०८१/५/२ को वन पैदावारहरूको व्यापारिक प्रयोजनको लागि बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका अस्ना र जामुन, जातका गोलिया थान ३२६ को ३६०८.३६ घ.फी. काठ साथै साल जातको दाउरा १५.०० र अन्य जातको मिश्रित दाउरा १४.०० चट्टालाई हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले डिभिजन वन कार्यालयमा सूचिकृत भएका इच्छुक काष्ठ उद्योग व्यवसायीले यो सूचना तेस्रो पटक प्रकाशित भएको मितिले २१ औं दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनको कार्यालय समय सम्म सिलबन्दि बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । बिस्तृत सूचना यस समूहको सूचना पाटीमा टास गरेको व्यहोरा सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

**श्री सितलछहारी सामुदायिक वन उपभोक्ता समूह**
**बबई गा.पा. १ दाङ**

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मितिः २०६९/०४/०१ मा दर्ता भएको प्रा.लि.नं. ९४७९९ को **बोधी रुट्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०७/२५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा २०७६/०८/१८ मा दर्ता भएको प्रा.लि.नं. २२९६७० को **डि.ई. एम ईन्जिनियरिङ सोलुसन प्रा.लि**. नामक कम्पनी यस कार्यालयको मिति २०८१/०७/२५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता/स्वेच्छिक खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मितिः २०७५/१०/१५ मा दर्ता भएको प्रा.लि.नं. २०७६१५ को **इनोभेटिव डिजाइन प्रा.लि**. नामक कम्पनी यस कार्यालयको मिति २०८१/०७/२६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

## अत्यन्त जरूरी सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था **Middle Orbit Overseas Pvt. Ltd** (इजाजतपत्र नं.: ९७३/०६७/०६८) बाट वैदेशिक रोजगारको लागि युरोप पठाई दिन्छु भनि अनधिकृत व्यक्तिहरूले रकम संकलन गरि ठगिरहेको भन्ने सुन्नमा आएकोले यस प्रा. लि. को गम्भीर ध्यानाकर्षण भएको छ । यस प्रा. लि. को नाममा गरिने वैदेशिक रोजगार सम्बन्धि सम्पूर्ण कार्य तथा आर्थिक कारोबार यस प्रा. लि. तथा यस प्रा. लि. को लेखा शाखाबाट मात्र गर्नु हुन अनुरोध गर्दछौं । अन्यथा अनाधिकृत व्यक्तिसँग गरे/गराएमा यस प्रा.लि. जिम्मेवार नहुने साथै यस प्रा.लि. को कुनै शाखा कार्यालय नभएको पनि यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

**MIDDLE ORBIT OVERSEAS PVT. LTD.**
Samakhushi - 29, Ranibari Marg, Kathmandu, Nepal, Telphone No: +977-1-4387902
E-mail: middleorbit@gmail.com Website: middleorbitoverseas.com

श्रम ईजाजत नं. ९७३/०६७/०६८

---


## साउदीमा रोजगार

कम्पनी : MONTIARA CONTRACTING AND TRADING COMPANY WLL

पूर्व स्वीकृति मिति : २०८१/०७/२६ LT. No. 313464 चलानी नं.६०२२७८४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Instal Techinician/insulation Technician | 30 | 0 | 2000 | ७४,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MONTIARA CONTRACTING AND TRADING COMPANY WLL

पूर्व स्वीकृति मिति : २०८१/०७/२६ LT. No. 312350 चलानी नं. ६०२२७८३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Instal Techinician/insulation Technician | 10 | 0 | 2000 | ७४,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मदरल्याण्ड स्किल्स एकेडेमी, बसुन्धारा, टोखा, काठमाडौंमा मिति: २०८१ मंसिर ४ र ५ गते (19/20 Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९५७/०६७/०६८

All Skills International Human Resource Pvt.ltd.

Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542

E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com



## साउदीमा रोजगार

कम्पनी : Expertise Construction Company Limited सेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८१/०४/३० पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/२६ LT. No. 308872 चलानी नं.६०२२३५७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 16 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : THE SAUDI LEBANESE FACTORY FOR FURNITURE & WOOD WORKS

पूर्व स्वीकृति मिति : २०८१/०४/०७ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/२६ LT. No. 307758 चलानी नं. ६०२२२५४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Furniture Carpenter | 12 | 0 | 1200 | ४३,३७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर ४ गते (19th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



All Asia Overseas Pvt.Ltd

Ratopul, Gaushala-7, Kathmandu, Nepal

Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com

श्रम ईजाजत नं. १३०५/०७४/०७५



## साउदीमा रोजगार

कम्पनी : SAUDI DIMENSIONS COMPANY LIMITED SAUD ARABIA

पूर्व स्वीकृति मिति : २०८१/०७/२६ LT. No. 313462 चलानी नं. ६०२२७८४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 5 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर ४ गते (19th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



SKY BLUE H.R. SOLUTION PVT.LTD

Sinamangal-9, Gairigaun, Kathmandu, Nepal, Tel: 01-4593566, 9802358961/65, Emal: skybluehrsolutionspvtltd@gmail.com, Web: www.skybluehr.com


---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

## कम्पनी अद्यावधिक तथा नाम परिवर्तन गरिएको सूचना

**(दोस्रो पटक सूचना प्रकाशित मिति २०८१/०७/२७ गते)**

त्यस कम्पनीको मिति २०८१/०७/११ मा सम्पन्न एकल सेयरधनीको विशेष बैठकको निर्णय वमोजिम तपसिलमा उल्लेखित शर्तहरु पालना गर्ने गरी त्यस कम्पनीको नाम तपसिल बमोजिम परिवर्तन गरी त्यस कम्पनीको प्रबन्धपत्रको दफा १ र नियमावलीको नियम १ मा संशोधन गरी **काठमाडौं समिट एडभेन्चर प्रा.लि.** कायम गर्न गरिएको संशोधनलाई स्वीकृत प्रदान गरी संशोधित प्रबन्धपत्र/नियमवलीलाई अभिलेख गरी सोको १/१ प्रति यसैसाथ पठाइएको व्यहोरा मिति २०८१/०७/२१ को निर्णयानुसार जानकारी गराइन्छ ।

---

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/०७/२७**

**फिनटेक सोलुसन्स प्रा.लि**.को २०८१/०७/२१ गते सम्पन्न विशेष र वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **पासपे टेक प्रा. लि.** (प्रा. लि.नं. १३३५०) कायम गर्ने गरी **मिति** २०८१/०७/२६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

**Government of Nepal**

# Urlabari Municipality

## Office of Municipal Executive

**Urlabari, Morang**

## Invitation for Bids

*URL-BlacktopRoad-Ward9-W-NCB-02-081/82*
*First Date of Publication: 2081/07/27 (2024/11/12)*

1. Government of Nepal, Urlabari Municipality, Urlabari, Morang invites electronic bids from duly eligible and qualified registered bidders for the procurement of Lama Tole Sadak Tatha Drain Nirman Urlabari 9, Morang under NCB Single Stage Double Envelope Bidding Procedures (Technical Bid and Financial Bid). Major qualification criteria, name and identification of the contracts are mentioned below though the details are in the bidding document.
2. All bidders must submit their bid electronically. Electronic bid must be submitted through PPMO's e-GP system https://www.bolpatra.gov.np/egp on or before 12:00 Noon, on 2081/08/27 (12th Dec, 2024) (or as per the date adjusted by e-GP System). Bids received after this deadline will be rejected. Detail electronic bid Submission procedure is as e-GP directives of PPMO. Further information can be obtained from www.bolpatra.gov.np/eGP or from Urlabari Municipality, Morang, Tel 021-541518, E-mail: urlabarinagarpalika@gmail.com.

   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: NRs. 4,66,70,000.00 (Excluding VAT).
   - Minimum Work Experience of similar size and nature: 1 single blacktop road construction project with a value of NRs. 2,48,90,000.00 (Excluding VAT).
   - Minimum Construction Experience in the following key activities:

   | | |
   |---|---|
   | - Sub-Base Course | - 2255 cum per year. |
   | - Base Course | - 2255 cum per year. |
   | - Asphalt Concrete | - 509 cum per year. |


3. Eligible bidders may download the bidding documents for e-submission from PPMO's e-procurement web portal www.bolpatra.gov.np/eGP. Bidders submitting their bid electronically should deposit the cost of bidding document NRs. 5000.00, in the office's Rajaswa (Revenue) account as specified below and the scanned copy (pdf format) of the bank deposit voucher must be uploaded by the bidder at the time of electronic submission of the bids.

   **Name of the Bank: Agriculture Development Bank, Urlabari**
   **Revenue Account Number: 0601701150595148**
   **Revenue Account Name: Urlabari Municipality Ga. 1.1 Internal Revenue**
   **Name of the office: Urlabari Municipality, Morang**
4. Pre-bid meeting shall be held at Urlabari Municipality, Urlabari, Morang on 2081/08/14 (29th Nov, 2024) at 1:00 PM.
5. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 PM on 2081/08/27 (12th Dec, 2024) (or as per the date adjusted by e-GP System) at the office. Non-attendance of any or all the Bidder's representatives shall not hinder opening of the Bids.
6. The bid must be accompanied by Original Voucher of Bid Security amounting to a minimum of NRs. 7,78,000.00 deposited at **Agriculture Development Bank, Urlabari** in Account Holder Office: **Urlabari Municipality, Morang,** Dharauti Khata No. **0601701150595024**, Office Name: **URLABARI MUNICIPALITY GA 3.1 LOCAL LEVEL DEPOSIT A.** or Bid Security guarantee issued by any Commercial Bank & Financial Institution approved by Government of Nepal. Bids must be valid for a period of **90 days** counting from the day of bid opening and must be accompanied by Bid Security as mentioned above which shall be valid for a minimum 30 days beyond the bid validity period.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to amend and correct at any time or to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever before the contract.
9. After the completion of evaluation of technical bids, all the technically substantially responsive bidders will be invited to attend the opening of price bids. The time, date and place of opening of price bids shall be notified in writing and/or by publishing notice.
10. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 and other prevailing rules and regulations of Nepal.

**Chief Administrative Officer**

# अस्तित्व संकटले राउटे समुदायमा चिन्ता

■ टेकराज केसी



**भेरीगंगा (सुर्खेत)**– आफ्नो समुदायको संख्या लगातार घट्दै गएकामा राउटे मुखिया सूर्यनारायण शाही चिन्तित छन् । 'हाम्रा बाजेहरूको पालामा हामी छ/सात सयको संख्यामा थियौं, मुखिया शाहीले भने, 'हामी मान्छे त गन्दैनौं, तर हाम्रो संख्या घटिरहेको छ, अहिले केटाकेटी पनि कम जन्मिन थाले ।'

पहिले स्थानीय वनजंगलमै उपलब्ध हुने तागतिलो खाना खाने गरिएको भन्दै अर्का सहायक मुखिया वीरबहादुर शाहीले अहिले खानपानको शैली फेरिएको कारण प्रजनन क्षमतामा ह्रास आउँदा पनि क्रमशः जनसंख्या कम हुँदै गएको हुनसक्ने धारणा राखे । जनसंख्यामा कमी आएसँगै कर्णालीका विभिन्न जिल्लामा फिरन्ते जीवन बिताउँदै आएका राउटे समुदायको अस्तित्व संकटमा पर्न सक्ने भन्दै राउटे समुदायका अगुवाहरूले चिन्ता व्यक्त गर्न थालेका हुन् ।

यो समुदायमा असोज २ गते २२ वर्षीय राउटे वृषबहादुर शाहीको मृत्यु भयो । वृषबहादुरको मृत्युसँगै राउटे समुदायको जनसंख्या अहिले १३५ जनामा सीमित छ। राष्ट्रिय मानवअधिकार आयोगले गरेको अध्ययन २०८१ को प्रतिवेदनले पनि राउटे समुदायको संख्या लगातार घट्दो क्रममा रहेको देखाउँछ । प्रतिवेदनमा २०७५ सालमा १४९ रहेको राउटेको जनसंख्या १५ माघ २०८१ सम्म आइपुग्दा घटेर १३५ मा झरेको छ ।

२०७५ सालमा १४९ रहेको राउटेको संख्या एक जनाले घटेर २०७६ मा १४८ भयो । २०७७ सालमा तीनजनाको मृत्युपछि १४५ मा झरेको यो समुदायको संख्या २०७८ मा आउँदा १४४ मा झऱ्यो । २०७९ देखि २०८० सम्म घुमन्ते-फिरन्ते राउटेको जनसंख्या छ जनाले घटेर १३७ जनामा आयो । यो वर्षमात्रै दुईजनाको मृत्युसँगै अहिले यो समुदायको संख्या १३५ मा सीमित हुन पुगेको छ ।

## किन घटिरहेको छ जनसंख्या ?

राउटे समुदायको जनसंख्या लगातार घट्नुका विभिन्न कारणहरू रहेको विज्ञहरू बताउँछन् । उनीहरूका अनुसार यो समुदायको जनसंख्या घट्नुको पछाडि सामाजिक मूल्यमान्यता प्रमुख कारण छ । राउटे समुदायको उत्थानका लागि काम गर्दै आएको गैरसरकारी संस्था सोसेक नेपालका कार्यकारी प्रमुख हीरासिंह थापा भन्छन्, 'राउटे समुदायमा कल्याल, रास्कोटी र सोवंशी गरी तीनवटा समुदाय छ, एउटै समुदायका केटा र केटीको विवाह नहुने सामाजिक परम्परा भएका कारण धेरै युवायुवती विवाह नगरेर बसेको अवस्था छ । अर्को परम्परा भनेको श्रीमान्को मृत्युपछि जतिसुकै उमेर समूहका महिला भए पनि एकल भएर बस्नुपर्ने बाध्यता छ,' थापाले थपे, 'अहिले एकल महिला २३ जना छन्, तीमध्ये अधिकांश २० देखि ३० वर्ष उमेर समूहका छन् । उनीहरूले अर्को विवाह गर्ने पाउँदैनन्, प्रजनन उमेरका महिलाहरू बच्चा जन्माउनै नपाएपछि कसरी संख्या बढ्छ ?'

थापाले राउटे समुदायमा युवाहरूको संख्याभन्दा ज्येष्ठ नागरिक र बालबालिकाको संख्या धेरै रहेको बताउँछन् । थापा भन्छन्, 'राउटे समुदायको जनसंख्या घट्नुको अर्को कारण अत्यधिक मदिराको सेवन हो, मदिराको सेवनले गर्दा उनीहरू भिरबाट लडेर मृत्यु हुने समस्या बढ्दै गएको छ ।' आयोगले दिएको प्रतिवेदनलाई आधार बनाएर तीन तहकै सरकारले राउटे संरक्षणसम्बन्धी योजना बनाउनुपर्ने उनको सुझाव छ । आयोगले सीधै रकमको साटो आवास, खाद्यान्न र पोषण, लत्ताकपडा र शिक्षा उपलब्ध गराउने विधि प्रयोग गरी कार्यान्वयन गर्न जरुरी रहेको बताएको छ भने बाहिरी आधुनिक दुनियाले उनीहरूको सभ्यतामा हस्तक्षेप गरेको भन्दै नियन्त्रण गर्न आवश्यक रहेको निष्कर्ष निकालेको छ ।

थापाको भनाइप्रति पत्रकार केशव ढकाल पनि सहमत छन् । उनले पनि भत्ताको नाममा सीधै रकम दिँदा उनीहरू अत्यधिक मदिरा सेवनमा लागेको बताउँछन् । 'भत्ताको सट्टा खाद्यान्न, लत्ताकपडालगायत उनीहरूलाई आवश्यक पर्ने वस्तु सरकारले दिनुपर्छ । रकम दिँदा उनीहरूले खर्च गर्ने अन्य कुनै ठाउँ नभएको हुँदा मदिरामा खर्च गर्छन्, त्यसो हुँदा उनीहरूको मृत्युको दर बढिरहेको छ । त्यसका साथै विभिन्न सहयोगको नाममा उनीहरूको अस्तित्व नै मेटाइँदै छ,' उनले भने ।

## प्रजनन क्षमता कमजोर बन्दै

यो समुदायमा नयाँ जन्ममा लामो अन्तराल भएको पाइएको छ । जसमा साढे दुई वर्षको अवधिमा २०८० साउन र भदौमा जम्मा दुई शिशुको जन्म भयो । राउटे समुदायको परम्पराका कारण पनि जन्मदर कम हुने गरेको भए पनि पछिल्लो समय उनीहरूको खानपान र रहनसहनका कारणसमेत प्रजनन क्षमता कमजोर हुन थालेको चिकित्सकहरू बताउँछन् ।

राउटेको जीवनशैली फेरिँदै गएको छ । खानपानका कारण प्रजनन क्षमता कमजोर हुन थालेको कर्णाली प्रदेश अस्पताल सुर्खेतका तत्कालीन निर्देशक डा. डम्बर खड्का बताउँछन् । 'पछिल्लो समय उनीहरूले अत्यधिक मदिराको प्रयोग गर्न थाले, त्यसो हुँदा उनीहरूको खानपान र जीवनशैली असन्तुलन हुँदै गएको छ, यसले स्वाभाविकरूपमा प्रजनन क्षमतामा गिरावट ल्याउँछ ।' विगतमा स्वस्थ जीवनशैलीमा बाँचिरहेका राउटे समुदाय अहिले गुणस्तरहीन खानाको प्रयोग गर्ने तथा मदिराको सेवन बढ्दै जाँदा उनीहरूमा कलेजोसम्बन्धी समस्या बढ्दै गएको खड्का बताउँछन् ।

आयोगको अध्ययनमासमेत राज्यको यथोचित ध्यान पुग्न नसक्नु, कमजोर जनस्वास्थ्य, कुपोषण, उपचारमा पहुँच नहुनु/नराख्नु, प्रजनन स्वास्थ्य अभाव, गुणस्तरहीन परम्परागत आवासमा बसोबास, मौसम अनुकूल लत्ताकपडा अभाव, स्वच्छ खानेपानी तथा सरसफाइको अभावजस्ता कारणले राउटेको जनसंख्या ऋणात्मक बन्दै जान थालेको उल्लेख छ । आयोगका कर्णाली प्रदेश संयोजक मानबहादुर कार्की भन्छन्, 'उनीहरूको जीवन चलाउने भनेर सरकारले भत्ता दिने गऱ्यो, उनीहरूको जीविका चलाउन सहज होस् भनेर सरकारले भत्ता त दियो । तर त्यो भत्ताको प्रयोग उनीहरूले आफ्नो खानपानभन्दा पनि मदिरा सेवनमा प्रयोग गर्ने गरेको पाइयो । यसले गर्दा उनीहरूको मृत्यु धेरै भएको देखिन्छ ।'

उनीहरूको स्वास्थ्य अवस्था पनि बिग्रँदै गएको भन्दै तीनै तहका सरकारहरूले मुख्यगरी उनीहरूको संरक्षणका लागि नयाँ योजना बनाउनुपर्ने सुझाव कार्कीको छ । 'उनीहरू स्वास्थ्य समस्या भइहाले उपचार गर्न नमान्ने, कडा खालको मदिराको सेवन गर्ने, पोषिलो खानाको कमीलगायतका कारणले मृत्युवरण गर्नुपर्ने यो समुदायको समस्या छ,' कार्की भन्छन् ।

राउटे समुदायका युवतीहरूको सोझोपनको फाइदा उठाउँदै उनीहरूमाथि पछिल्लो समय यौनजन्य अपराध हुनसक्ने जोखिमसमेत बढेको बताइएको छ । केही वर्षअघि दुई राउटे युवतीमाथि यौन दुर्व्यवहार गरेको भन्दै सुर्खेत गुर्भाकोटका दुई युवाविरुद्ध जबर्जस्ती करणीको मुद्दा चलाइएको थियो । विभिन्न बहानामा राउटे बस्तीमा बाह्य व्यक्तिहरूको प्रवेशले यौनजन्य क्रियाकलापसँगै अन्य असुरक्षा बढाएको यो समुदायको अध्ययन गरिरहेकाहरू बताउँछन् । विशेषगरी रूपैयाँ पैसाको प्रलोभन देखाउने, विभिन्न सहयोग गर्ने बहानामा राउटे समुदायको बस्तीमा प्रवेश गर्ने क्रम बढेकाले यसलाई व्यवस्थित गर्नुपर्ने सुझाव उनीहरूको छ ।

## राउटेको संरक्षणका लागि के छ सरकारी योजना ?

दैलेखको गुराँस गाउँपालिकाले २०७५ सालमा पहिलोपटक राउटे समुदायलाई परिचयपत्र वितरण गरेको थियो । राउटेले पाउने सामाजिक सुरक्षाभत्ता यही गाउँपालिकाले वितरण गर्दै आएको छ । सहयोगको नाममा राउटे समुदायलाई दिइने सहयोगलाई एकद्वार प्रणालीबाट दिने गरी पालिकाले कार्यविधिसमेत निर्माण गरेको छ ।

राउटे समुदायको संरक्षणका लागि गाउँपालिकाले मदिरा बिक्री वितरणमा रोक लगाउने निर्णय गरेको गाउँपालिकाका प्रवक्ता एवं ८ नम्बर वडाका अध्यक्ष दीपेन्द्र ओली बताउँछन् । 'हामीले राउटे समुदायलाई आफ्नो पालिकाका नागरिकको रूपमा परिचयपत्र दिएका छौं, सामाजिक सुरक्षाभत्ता पनि पालिकाले नै उपलब्ध गराउँदै आएको छ । आफ्ना नागरिकको सुरक्षा र संरक्षणको जिम्मेवारी हाम्रै भएकाले पनि त्यहीअनुसार काम गरिरहेका छौं,' सोसेक नेपालसँगको साझेदारीमा राउटे बस्तीमै प्राथमिक उपचार सेवा उपलब्ध गराउन स्वास्थ्यकर्मी खटाइएको ओली बताउँछन् । आयोगले दिएको प्रतिवेदनको आधारमा योजना बनाउनेगरी कार्यपालिकामा छलफल भइरहेको उनको भनाइ छ । *रासस*

# महानगरले निकाल्यो इच्छुमतीको फोहोर

**काठमाडौं (प्रस)**– काठमाडौं महानगरपालिकाले इच्छुमती (टुकुचा) सफाइ गरेको छ । महानगर क्षेत्रका नदी सफाइ अभियानअन्तर्गत महानगरको वातावरण विभागले सोमबार टुकुचा सफाइ गरेको हो ।

इच्छुमतीको भद्रकाली, सिंहदरबार क्षेत्रमा सफाइ गरिएको विभागकी उपनिर्देशक सानुमाया महर्जनले इच्छुमतीभित्र जम्मा भएको फोहोर निकालेर महानगरका सफाइ कर्मचारीले किनारमा थुपारेको जानकारी दिइन् ।

विभागले यसअघि असारमा पनि यसरी नै इच्छुमतीलगायत नदी सफाइ गरेको थियो । छ महिना नबित्दै फेरि नदीमा जम्मा भएको बोत्तल, प्लास्टिकलगायत नकुहिने फोहोर सफाइ गरिएको हो । महानगरले सफाइसँगै फोहोर गर्नेलाई समातेर कानुनी कारबाहीको दायरामा ल्याउने तयारी पनि गरेको जनाइएको छ ।

महानगरले काठमाडौं उपत्यकामा भएर बग्ने वाग्मती, विष्णुमती, रुद्रमती, बल्खुलगायत नदीमा पनि सफाइ गर्दै आएको छ । नागरिकस्तरबाट सुरु भएको बागमती सफाइ महाअभियान ६००औं हप्तामा प्रवेश गरे पनि उपत्यकाका अन्य नदी भने सफा हुन सकेका छैनन् ।


**एस आर ड्रग्स ल्याबोरोटोरीद्वारा औषधि खरिदको सार्वजनिक दररेट सूचना**

(प्रकाशित मिति २०८१/०७/२७ गते)

यस **एस आर ड्रग्स ल्याबोरोटोरी प्रा. लि.** काठमाडौंबाट उत्पादित निम्नानुसारको औषधीहरूको आ.व.२०८१/०८२ को लागि बजार दररेट तथा विक्री मूल्य निर्धारण गरी यो दररेट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको छ । यदि यी औषधीहरू कुनै संघसंस्था वा नेपाल सरकार अन्तर्गतका कार्यालयहरूले खरिद गर्नुपरेमा यस फर्मको आधिकारिक बिक्रेता मेगा मेडिसिन सप्लार्यस, महेन्द्रनगर, कञ्चनपुर भ्याट नं. ६०१४२६९७५ बाट खरिद गर्न सक्नुहुनेछ भनी यो सूचना प्रकाशित गरिएको छ ।

सम्पर्क नं.९८५८०८०८०१, E-mail: megamedicinesuppliers@gmail.com

| SN | Name of Item | Unit | MRP |
|---|---|---|---|
| 1 | Ranitidine 150mg | Tab | 2 |
| 2 | Amitriptyline 10mg2 | Tab | 2.4 |
| 3 | Amitriptyline 25mg | Tab | 3.8 |
| 4 | CO-Amoxyclav 625mg | Tab | 40 |
| 5 | Amlodipine 5mg | Tab | 5 |
| 6 | Aspirin 150mg | Tab | 2 |
| 7 | Aspirin 75mg | Tab | 1.2 |
| 8 | Atorvastatin 10mg | Tab | 10.78 |
| 9 | Azithromycin 250mg | Tab | 17.45 |
| 10 | Azithromycin 500mg | Tab | 30 |
| 11 | Atenolol 50mg | Tab | 3 |
| 12 | Ibuprofen 400mg+Paracetamol 325mg | Tab | 2 |
| 13 | Vitamin C Chewable | Tab | 6 |
| 14 | Chlorpoheniramin 4mh | Tab | 1.2 |
| 15 | iprofloxacin 250mg | Tab | 5 |
| 16 | Ciprofloxacin 500mg | Tab | 8 |
| 17 | Neomycin Sulphate0.5% Clobetasol0.5% Chlorocresolip 0.1% | Pcs | 75 |
| 18 | Clotimazole 15gm | Pcs | 110 |
| 19 | love Oil 5ml | Pcs | 35 |
| 20 | Cloxacillin Sodium 250mg | Cap | 6.5 |
| 21 | Cloxacillin Sodium 500mg | Cap | 10 |
| 22 | Anticold | Tab | 3 |
| 23 | Fluconazole 150mg | Cap | 24 |
| 24 | Chlorhexidine Gluconate 3gm | Pcs | 28 |
| 25 | Cotimaxazole 400mg+80mg | Tab | 4 |
| 26 | Cotimaxazole 800mg+160mg | Tab | 5 |
| 27 | Cotrimaxazole 200mg+40mg,60ml | Pcs | 36 |
| 28 | Clamine Lotion 60ml | Pcs | 70 |
| 29 | Diclofenec gel 30gm | Pcs | 150 |
| 30 | Diclofenec 50mg | Tab | 3 |
| 31 | Aceclogenac 100mg | Tab | 4.5 |
| 32 | Frusemide 40mg | Tab | 1 |
| 33 | Povidine lodine5%, 450ml | Pcs | 350 |
| 34 | Ferrous Sulphate 200mgElemental Iron 60mg & Folic Acid0.04mg | Tab | 3 |
| 35 | Hyoscine Butylbromide 10mg | Tab | 17 |
| 36 | Ibuprofen 200mg | Tab | 1.5 |
| 37 | Ibuprofen 400mg | Tab | 2 |
| 38 | Indomethacin 25mg | Cap | 6 |
| 39 | Indomethacin 50mg | Cap | 8 |
| 40 | Indomethacin 754mg | Cap | 17 |
| 41 | Cefixime 100mg | Tab | 18 |
| 42 | Cefixime 200mg | Tab | 20 |
| 43 | Cefixime 50mg,60ml | Pcs | 140 |
| 44 | Metformin 1000mg | Tab | 6 |
| 45 | Metformin 500mg | Tab | 2 |
| 46 | Metformin 850mg | Tab | 3.5 |
| 47 | Metronidazole 200mg | Tab | 2 |
| 48 | Metronidazole 400mg | Tab | 3.5 |
| 49 | Metronidazole 100mg/5ml Susp,60ml | Pcs | 60 |
| 50 | Salbutamol4mg | Tab | 2 |
| 51 | Amoxycillin 125mg DT | Tab | 3.5 |
| 52 | Amoxycillin 250mg | Tab | 5 |
| 53 | Amoxycillin 500mg | Tab | 8 |
| 54 | Amoxycillin 125mg,60ml | Pcs | 85 |
| 55 | Nimesulide 100mg | Tab | 3 |
| 56 | Omeprazole 20mg | Cap | 4 |
| 57 | Pantaprazole 40mg | Tab | 8 |
| 58 | Paracetamol 125mg,60ml | Pcs | 30 |
| 59 | Paracetamol 500mg | Tab | 1 |
| 60 | Promethazine25mg | Tab | 5 |
| 61 | Rectified Spirit 450ml | Pcs | 300 |
| 62 | Cetirizine5mg,60ml | Pcs | 70 |
| 63 | Cetirizine 10mg | Tab | 4 |
| 64 | Rosuvastatin 10mg | Tab | 17 |
| 65 | Benzoic Acid6% +Salicylic Acid3% 30gm | Pcs | 70 |
| 66 | Cetrimide 0.1% + Gamma Benzene 1% 100ml | Pcs | 100 |
| 67 | Silver sulphadizine 25gm | Tab | 100 |
| 68 | Doxycycline 100mg | Tab | 6 |
| 69 | Tranexamic Acid 500mg | Tab | 24 |
| 70 | Calcium Carbonate 500mg+Vitamin D3IU | Tab | 5 |
| 71 | Vitamin B. Complex | Tab | 3 |
| 72 | Albendazole 400mg,10ml | Pcs | 18 |
| 73 | Albendazole 400mg, | Tab | 10 |
| 74 | Ofloxacin 200mg | Tab | 5 |
| 75 | Ofloxacin 400mg | Tab | 8 |
| 76 | Zinc gulcomate Zinc 10mg | Tab | 3 |
| 77 | Zinc gulcomate Zinc 20mg | Tab | 4 |
| 78 | Tinidazole 1000mg | Tab | 8 |
| 79 | Tinidazole 500mg | Tab | 5 |
| 80 | Gention Voilet 10ml | Pcs | 21 |
| 81 | Aciclovir 5% 5gm | Pcs | 70 |
| 82 | Paracetamol 125mg+Ibuprofen 100mg 60ml | Pcs | 32 |



**दिगोभिजन आइ.टि. सर्भिसेज प्रा.लि. को**

**खारेजी (लिक्वीडेटर) सम्बन्धी सूचना**

उपरोक्त सम्बन्धमा यस दिगोभिजन आइ. टि. सर्भिसेज प्रा. लि. (प्रा. लि. नं. २४८४४१/०७७/०७८) लाई खारेज गर्ने सम्बन्धमा मिति २०८१।०७।२५ गतेका दिन विशेष साधारण सभाको बैठकबाट निर्णय गरी यस कम्पनीलाई स्वेच्छामा खारेजी (लिक्विडेशन) मा लग्नका लागि म श्री श्रवण कुमार श्रेष्ठलाई लिक्वीडेटर पदमा नियुक्त गरेको र लिक्वीडेटर नियुक्ति पश्चात कम्पनी ऐन २०६३ वमोजिम मैले आपनो जिम्मेवारी पूरा गरी, गर्नुपर्ने सम्पूर्ण कार्य गरिसकेको हुँदा कम्पनी ऐन २०६३ को दफा १३१ (च) वमोजिम लिक्वीडेटरको प्रतिवेदन श्रीमान समक्ष पेश गरी कम्पनी खारेजी गरी पाउन यो निवेदन पेश गरेको छु ।

**भवदीय,**

लिक्वीडेटर, श्री श्रवण कुमार श्रेष्ठ दामासाही व्यवसायी इजाजत पत्र नं. ४०४



**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/११/०५ मा दर्ता कायम भएको **टुरिजम टाइम्स मिडिया प्रा.लि.** (प्रा.लि.नं. २०८७९७/०७५/०७६) लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८१/०७/२६ गतेको विशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दावि गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ (लिक्विडेटर)**

**इजाजत प्रमाण पत्र नं. ४०४/फोन नं. ९८५१२१७००४**



**एभरेष्ट मेड प्रा.लि.द्वारा औषधि खरिदको सार्वजनिक दररेट सूचना**

(प्रकाशित मिति २०८१/०७/२७ गते)

यस **एभरेष्ट मेड प्रा.लि.**काठमाडौंबाट उत्पादित तथा आयातित निम्नानुसारका सर्जिकल सामाग्रीको आ.व.२०८१/०८२ को लागि बजार दररेट तथा विक्री मूल्य निर्धारण गरी यो दररेट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको छ । यदि यी सर्जिकल सामाग्रीहरू कुनै संघसंस्था वा नेपाल सरकार अन्तर्गतका कार्यालयहरूले खरिद गर्नुपरेमा यस फर्मको आधाकारिक विक्रेता मेगा मेडिसिन सप्लार्यस, महेन्द्रनगर, कञ्चनपुर भ्याट नं.६०१४२६९७५ बाट खरिद गर्न सक्नु हुनेछ भनी यो सूचना प्रक(ाशित गरिएको छ ।

सम्पर्क नं.९८५८७८०८०१, E-mail: megamedicinesuppliers@gmail.com

| S.N. | Name of Item | Unit | MRP |
|---|---|---|---|
| 1 | Bandage Than | Pcs | 440 |
| 2 | Gauze Than | Pcs | 450 |
| 3 | Syringe 3ml | Pcs | 4 |
| 4 | Syringe 5ml | Pcs | 5 |
| 5 | Syringe 10ml | Pcs | 8 |
| 6 | Syringe 20ml | Pcs | 18 |
| 7 | I.V set | Pcs | 30 |
| 8 | I.V canaula | Pcs | 30 |
| 9 | Urine bag | Pcs | 60 |
| 10 | Cotton 400gm | Pcs | 250 |
| 11 | Adhesive tape | Pcs | 250 |
| 12 | Surgical tape | Pcs | 10 |
| 13 | Rubber catherter | Pcs | 25 |
| 14 | Suture set | Pcs | 50 |
| 15 | Suture needile | Pcs | 50 |
| 16 | Surgical gloves | Pcs | 30 |
| 17 | Examation gloves | Pcs | 800 |
| 18 | Folley catheter | Pcs | 60 |
| 19 | Cord Clamp | Pcs | 10 |



**सुन्दरहरैंचा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

विराटचोक, मोरङ

कोशी प्रदेश, नेपाल

**क्याटलग विधिबाट पिकअप जिप खरिद सम्बन्धी सूचना**

(प्रकाशित मिति २०८१/०७/२७ गते)

यस कार्यालयका लागि उत्पादक वा अधिकृत बिक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) खरिद गर्ने कार्यविधि, २०७४ अनुसार 4WD Double cap pickup खरिद गर्नुपर्ने भएकाले त्यस्तो मालसामान उत्पादन वा विक्री वितरण गर्ने इच्छुक पूर्व सूचना बमोजिम यस कार्यालयमा सुचिकृत भएका आधिकारिक फर्म वा कम्पनी वा संस्थाले आफ्नो फर्म दर्ता, एजेन्सी दर्ता.मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०८०/२०८१ को आयकर चुक्ता प्रमाणपत्रको प्रतिलिपि समावेश गरी तपसिलमा उल्लेखित सामानहरूको उत्पादनको आधिकारिक स्पेशिफिकेशन, गुणस्तर मूल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न गरी सिलबन्दी प्रस्ताव दर्ताको लागि यो ८ दिने सूचना प्रकाशित गरिएको छ । प्रस्ताव दर्ता गर्न चाहने उत्पादक वा अधिकृत बिक्रेताहरूले मिति २०८१-०८-०४ गते समय दिउँसो १२:०० बजे भित्र यस कार्यालयमा प्रस्ताव दर्ता गराइसक्नु पर्नेछ । नियम अनुसार पेस हुन आएका सिलबन्दी प्रस्तावहरूलाई मिति २०८१-०८-०४ गते दिउँसो २:०० बजे यस कार्यालय खोलिने छ । प्रस्ताव पेस गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पछिको कार्यालय खुलेको दिन तोकिएको समय भित्र पेस गर्न सकिनेछ । साथै यस कार्यालयले जारीगरेको आधिकारिक स्पेशिफिकेशन यस कार्यालयको वेभसाईट www.sundarharaichamun.gov.np मा प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.सं. | विवरण | इकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १. | पिकअप जिप | थान | १.०० | |



**नाम परिवर्तन सम्बन्धी सूचना**

यस कम्पनीको मिति २०८१/०७/२२ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम **ओजस्वी एकेडेमी** (प्रा.लि. नं. ५८१६१) को नाममा सृजना भएको र साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्नु व्यहोर्नु पर्ने सम्पूर्ण दायित्व तिर्ने व्यहोर्ने गरी परिवर्तित नाम **"ओजस्वी टेक्निकल** प्रा. लि." कायम भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**तेस्रोपटक प्रकाशित मितिः २०८१/०७/२७**

यस कम्पनीको मिति २०८१/०५/२७ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **डि.एस.गोले कन्स्ट्रक्सन प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **डि.एस.पि. इन्फ्रा प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/०५/२८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **डि.एस.पि. इन्फ्रा प्रा.लि.** (प्रा.लि.नं.९०५१) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### कोप–२९ मा नेपालको सवाल

बढ्दो जलवायु चुनौतीको सम्बोधन गर्ने उद्देश्यले अजरबैजानको राजधानी बाकुमा जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्र फ्रेमवर्क कन्भेन्सन (कोप–२९) सम्मेलन सुरु भएको छ । सम्मेलनमा विश्वभरका नेताहरू विश्वव्यापी सहकार्यका लागि नोभेम्बर २२ सम्म बाकुमा भेला भई जलवायु संकटको सामनामा केन्द्रित रहने कार्यतालिका छ ।

देशहरूले उत्सर्जनमा कटौती र विश्वव्यापी आपूर्ति शृंखलामा थप उदारलगायतका व्यवस्था गर्न नसकेसम्म कुनै पनि अर्थव्यवस्था जी–२० सहित–अनियन्त्रित विश्वव्यापी उष्णताबाट बाँच्न नसकिने तथा गम्भीर मुद्रास्फीति प्रभावबाट उम्कन नसक्ने राष्ट्रसंघले यसअघि नै चेतावनी दिइसकेको छ । सबैभन्दा पहिलो त हाम्रो स्वास्थ्य जुन न त किनेर किन्न सकिन्छ न त सापटी नै । त्यसैले स्वास्थ्य जीवनकै लागि जलवायु परिवर्तनसम्बन्धी प्रतिकार्य अबको आवश्यकता हो ।

विश्वव्यापी बढ्दो तापमान होस् या सोच्नै नसकिने गरी अति वर्षा र बाढीपहिरो । यी सबै जलवायु परिवर्तनका असर हुन् । नेपाल जलवायु परिवर्तनको असरबाट प्रताडित राष्ट्र हो । जलवायु परिवर्तनको प्रभावबाट जीवन रक्षा गर्न खर्बौं डलर आवश्यक रहेकाले कोप–२९ को मुख्य ध्यानाकर्षण आर्थिक मामलामा हुने तथा देशहरूलाई हरितगृह ग्यास उत्सर्जन घटाउनुपर्ने एजेण्डालाई जोडदारका साथ उठाउनुपर्छ ।

यस वर्षको सम्मेलन नयाँ वित्तीय प्रतिबद्धतामा केन्द्रित छ । जसलाई ‘न्यु कलेक्टिभ क्वान्टिफाइड गोल (एनसिक्युजी)’ नाम दिइएको छ ।

एनसिक्युजी वा ‘फाइनान्स कोप’ भनेर चिनिने नयाँ लक्ष्य यस सम्मेलनमा छलफल हुने र सन् २०२५ देखि प्रभावकारी हुने लक्ष्य राखिएको छ । जलवायु वित्तसम्बन्धी स्वतन्त्र उच्चस्तरीय विशेषज्ञ समूहको सन् २०२२ को प्रतिवेदनअनुसार विकासशील देशहरूलाई जलवायु वित्त आवश्यकताहरू पूरा गर्न सन् २०२५ सम्ममा प्रतिवर्ष १० खर्ब अमेरिकी डलर तथा सन् २०३० सम्ममा २४ खर्ब अमेरिकी डलर चाहिन्छ ।

कोप–२९ को मुख्य उद्देश्य जलवायुसम्बन्धी चुनौतीहरूको सामना गर्ने कमजोर देशहरूलाई सहयोग गर्न वित्तीय लक्ष्यहरूमा सम्झौताहरू सुरक्षित गर्नु हो । ‘युएनइपी उत्सर्जन ग्याप रिपोर्ट २०२४’ का अनुसार तापक्रम क्रमशः दुई डिग्री सेल्सियस तथा १.५ डिग्री सेल्सियसभन्दा कम राख्ने र सन् २०३० सम्म वार्षिक उत्सर्जन ५.५ प्रतिशत र नौ प्रतिशतले घटाउनुपर्ने छ ।

कोप–२९ का विषयवस्तुहरूले वित्त, ऊर्जा संक्रमण, मानव पुँजी, जैविक विविधता, खाद्य सुरक्षालगायत जलवायुका पक्षहरूलाई सम्बोधन गर्नुपर्ने देखिन्छ । प्रमुख लक्ष्यहरूमा नयाँ विश्वव्यापी जलवायु वित्त लक्ष्य स्थापना, अनुकूलन उपायहरू मापन गर्ने र १.५ डिग्री सेल्सियस लक्ष्यसँग प्रतिबद्धताहरू प्राप्त गर्ने विषयमा नेपालले पनि जोडतोडले आवाज उठाओस् । जलवायुमाथिको हस्तक्षेप रोक्न सार्थक बनोस् कोप–२९ ।

## मननयोग्य

### चाणक्य नीति

उसले आफ्नो पहिलो लक्ष्य भारत वर्षको उत्तर-पश्चिममा बसेको तक्षशिला सहरका नरेश आम्भीलाई बनायो । कुनै युद्ध नै नगरी आम्भीले सिकन्दरले दासता स्वीकार गर्दै धेरै धन र बहुमूल्य उपहार पनि दिए । यो आम्भीको आफ्नो देशप्रति ठूलो विश्वासघात थियो सन्धिपछि सिकन्दरका सैनिकले उत्पात गर्न थाले । धेरै समयदेखि युद्धमा नै रहेका सैनिकहरू पत्नीबाट विछोड भएकाले तक्षशिलाका तरुनी देखेर कामुक भए ।

प्रतिदिन सहरका छोरीबुहारीहरू सिकन्दरका सैनिकका वासनाका सिकार भए । सिकन्दरले तक्षशीलामा संस्कृतको विरोध गरी युनानी भाषाकी आरम्भ गरायो । सिकन्दरले राज्यको सहयोग पा( एकाले आचार्यहरू र विद्यार्थीह( रूको अध्ययन-अध्यापन बन्द गरायो ।

राजा आम्भीले स्वीकार्नु, सिकन्दरका सैनिकको उत्पात, संस्कृतको पठनपाठन बन्द आदिले तक्षशिलामा विद्य( ार्थीहरू कम हुँदै गए, जुन विश्वविद्यालयमा प्रवेश पाउनका लागि विद्यार्थीको तछाडमछाड भइरहन्थ्यो ।

विष्णुगुप्तलाई थाहा भयो अब सिकन्दर कैकेय प्रवेश गरेर झेलम र चितारबीचको कैकेय देश जित्ने इच्छा गर्दै अघि बढ्दैछ, जहाँका राजा पुरु जसलाई पोरस भनिन्छ छन् ।

मातृभूमिको यस्तो दुर्दशा देखेर आमाका सपूत चाणक्यका हृदयमा हाहाकार मच्चियो । आम्भीजस्तो विश्वासघाती, मह( ानन्दजस्तो बिलासी व्यक्तिलाई राजकाजबाट पर अलग्याएर राजा बनेको खण्डमा मात्र यस्तो आशा गर्न सकिन्छ यहाँ विश्वासघाती आम्भी विलासी महानन्दजस्ता गुजाबाट केही हुँदैन भारत वर्ष टुक्रा-टुक्रामा बाँडिएको छ, जसले सिकन्दरस( ँग टक्कर लिन खोज्छ, उसका सेनाको अगाडि कोही पनि टिक्न सक्दैन । नन्दजस्तो राजाका हातमा राज्य रहन दिनुहुँदैन । उनी बुझ्दथे कि मगध शक्ति सम्पन्न राज्य हो । क्रमश :

# कांग्रेसले ‘मिस’ गरिरहेको नोना आमाको ‘मर्निङ मिटिङ’



■ डा. शोभाकर पराजुली

> हरेक व्यक्तिको निजी जीवनमा “आमा” नै पहिलो पाठशाला हुन्छिन् । नोना कोइरालामात्रै एक गृहणीका रुपमा सीमित रहिनन् । उनले त तत्कालीन सिंगो राजनीति र प्रजातन्त्रको लडाइँमा होमिएका आमनेपालीलाई आफ्नै सन्तानजसरी ममता र अभिभावकत्वको छहारीमा राखिन् । उनले सिकाएर गएको बाटोमा अब डा. शेखरका पाइलाहरू अगाडि बढ्न सके र त्यसलाई निरन्तरता दिन सके नेपाली कांग्रेसको त्यो राजनीतिक संस्कारको निरन्तरता आगामी पुस्ताका लागि पनि प्रेरणाको स्रोत हुनसक्छ ।

भर्खरै दोस्रो जनआन्दोलन सकिएको थियो । देश एउटा ऐतिहासिक परिवर्तनको मोडबाट अघि बढ्दै थियो । १० वर्षको सशस्त्र लडाइँ सकेर नेकपा माओवादी राजनीतिको मूलबाटोमा आएको थियो । त्यसका एउटा मुख्य शूत्रधार नेपाली कांग्रेसका तत्कालीन सभापति गिरिजाप्रसाद कोइराला थिए । त्यही बेला कोइराला निवासको एउटा बत्ती निभ्यो । अर्थात् २०६३ साल माघ १४ गते नोना कोइराला यो धरतीबाट बिदा भएर जानुभयो । त्यो बेला गिरिजाप्रसादले कार्यकर्तासँग भनेका थिए ‘कोइराला निवासको बत्ती निभ्यो ।’

नेपाली कांग्रेस आफैंमा एउटा यस्तो राजनीतिक पार्टी हो, जसले राजनीतिक समावेशितालाई गर्भदेखि नै बोकिल्यायो । अर्थात् महिला अधिकार वा भनौं प्रतिनिधित्वलाई नेपाली कांग्रेसले आफ्नो स्थापनाकालदेखि नै प्रमुखता दिँदै आएको छ । नेपाली कांग्रेसभित्र त्यस्ता धेरै महिलाहरूले योगदान गरेका छन् तर विरलैको नाम पार्टी पंक्तिमा आउँछ । नयाँ पुस्ताले त कतिपय नामहरू ‘गुगल’ गर्दा पनि नभेट्ने अवस्था छ । कांग्रेसभित्र आफू जलेर राष्ट्र, राजनीति, जनता, प्रजातन्त्र अनि पार्टी र कार्यकर्तामाझ उज्यालो छरेका त्यस्ता धेरै नारी पात्रमध्ये नोना कोइराला अग्रपंक्तिमा छिन् । उनलाई समकालीन कांग्रेस नेता, कार्यकर्ताहरूले ‘नोना आमा’ भनेर पनि चिन्दछन् ।

यद्यपि, नेपाली कांग्रेसभित्र ‘दाइ-दिदी’ अनि ‘भाउजु’ कल्चर एउटा परम्पराजस्तै मानिन्छ । तर, नोना कोइराला त्यस्तो सम्मानित नारी पात्र छन्, जसलाई नेपाली कांग्रेसका आमकार्यकर्ताले ‘आमा’ भनेर सम्बोधन गर्थे । यसबाट पनि प्रस्ट हुन्छ, उनी कोइराला परिवारकी मात्रै होइन, सिंगो पार्टी जीवनकै एउटा उज्यालो बत्ती थिइन् ।

नोना आमाको जन्म १८८५ कात्तिक २४ गते भारतको रामनगरमा भएको थियो । नेपालमा राणाविरुद्ध लडिरहेको कोइराला परिवारका एक स्तम्भ कृष्णप्रसाद कोइराला सारा परिवारसहित भारतमा निर्वासित जीवन बिताइरहेका थिए । भारतमै बसेर कोइराला परिवारले नेपालमा क्रान्ति हाँकिरहेको थियो । त्यो बेला राणाको अत्याचारका बीच पनि केशव कोइराला भने नेपालमै रहेका थिए । त्यो बेला भारतमा पनि अंग्रेज विरोधी आन्दोलन चलिरहेको थियो ।

पञ्चायतको समयमासमेत नोनाले प्रजातन्त्र स्थापना तथा सामाजिक न्यायका लागि साहसिक कार्य गरिन् । उनमा सबैलाई मिलाएर अघि बढ्न सक्ने विशिष्ट क्षमता थियो । नोनाको राजनीतिक जीवनको सुरूवात २००३ सालको मजदुर आन्दोलनदेखि भएको हो । त्यतिबेला मजदुर आन्दोलनका घाइतेहरूलाई औषधि उपचार र भोजन व्यवस्थापनको जिम्मा उनले नै लिएकी थिइन् । निरकुंश राणा शासनविरुद्ध २००७ सालमा कांग्रेसले सञ्चालन गरेको सशस्त्र मुक्ति आन्दोलनमा पनि उनले हतियार व्यवस्थापन, सरसफाइ र वितरणको जिम्मेवारी लिएकी थिइन् । यहाँसम्म कि कतिपय हतियार त उनले आफ्नो शरीरमा लुकाएर मुक्ति



सेनासमक्ष पुऱ्याउने गरेको आन्दोलनमा होमिएका धेरैलाई थाहा छ ।

त्यही क्रममा भारतमा रहेका कृष्णप्रसाद कोइराला उतै जेल परे । त्यही बेला २००० असार २५ गते नोना र केशव कोइरालाबीच विवाह भयो । त्यसपछि उनी कोइराला परिवारभित्र एक अभिभावकजस्तै बनेर आफ्नो पारिवारिक, सामाजिक र राजनीतिक अभिभारा निभाइरहिन् । सारा परिवार भारतमै निर्वासन भएका बेला नेपालमा परिवारको खेतीपातीदेखि घरबार धान्ने र पार्टी अनि कार्यकर्ता परिचालन र व्यवस्थापनको जिम्मेवारी नोना-केशवकै काँधमा थियो । त्यही बेला २००३ सालमा गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा विराटनगर जुटमिलमा भएको आन्दोलनमा पनि नोना कोइरालाको अद्वितीय भूमिका रहयो ।

कोइराला परिवार आफैंमा एउटा अलग्गै राजनीतिक र सामाजिक संस्कारले भरिएको परिवार हो । त्यसमा पनि नोना आमा पनि एउटा शिक्षित र राजनीतिक चेतनाले भरिएको परिवारबाटै आएकी थिइन् । त्यसबाट पनि उनमा राजनीतिक र सामाजिक चेतना थियो । यसले गर्दा उनलाई राजनीतिक र पारिवारिक व्यवस्थापनमा अझ निपुण भइन् । क्रान्तिकै बेला बिपी कोइरालाले एकपटक केशव र नोना आमालाई सम्बोधन गरेर लेखेको चिठी अहिले पनि उत्तिकै महत्त्वपूर्ण छ । बिपीले त्यो चिठीमा केशव र नोनाले घरबार अनि खेतीपाती धानिदिएकै कारण आफूहरूलाई प्रवासमा सजिलो भएको र नेपालमा पनि कार्यकर्ता परिचालनमा बाधा नआएको भन्दै उनीहरूप्रति आभार व्यक्त गरेका थिए ।

कोइराला परिवारमा मात्रै नभएर ‘नोना आमा’ समकालीन राजनीतिक नेता तथा कार्यकर्ताका लागि अभिभावक नै बनेर उभिइन् । कोइराला परिवारको राजनीतिक विरासतमा नोना कोइरालाको अभिभावकीय र नेतृत्वदायी भूमिका अनि क्षमता सिंगो नेपाली राजनीतिकै लागि प्रेरणाको अजर स्रोत पनि हो ।

कांग्रेसमात्रै नभइ कोइराला निवास कोइराला परिवार र हरेक राजनीतिक दलका कार्यकर्ताका लागि सधैं खुला हुन्थ्यो । र, स्वागतका लागि रातदिन तम्तयार हुन्थ्यो । त्यो सबै नोनाकै योगदान र तत्परताले मात्रै सम्भव थियो । उनले कांग्रेसमात्रै होइन, जुनसुकै राजनीतिक दलका कार्यकर्ताका लागि कोइराला निवास सधैं खुला गरिदिइन् । यसले गर्दा नेपालमा हरेक राजनीतिक कार्यकर्ताका लागि कोइराला निवास र कोइराला परिवार आफैंमा एक उदार अनि खुला संसारजस्तै भएको थियो । परिवारमा मात्रै नभएर सिंगो नेपाली कांग्रेस पार्टी पंक्तिमा उनको निर्णायक र अभिभावकीय भूमिका रहन्थ्यो ।

कोइराला परिवारमा हरेक दिन बिहान अर्थात् दिनको पहिलो प्रहरमै हुने बसाइँ राजनीतिक नै हुन्थ्यो । त्यो भनेको दिनभरिको कार्ययोजना र कार्यदिशा तय गरिन्थ्यो । त्यो सबको चाँजोपाँजो मिलाउने जिम्मेवारी नोनाकै काँधमै थियो । एक प्रकारले परिवारका सदस्यबीच भएको राजनीतिक जिम्मेवारीको बाँडफाँटमा उनले यसरी महत्त्वपूर्ण भूमिका पाएकी थिइन् । त्यसलाई अन्तिम समयसम्म उत्तिकै सफलताका साथ निर्वाह गरिन् ।

नोना आमाको त्यो ‘मर्निङ मिटिङ’लाई गिरिजाप्रसाद कोइराला हुँदै सुशील कोइरालासम्मले अन्तिम समयसम्मै निरन्तरता दिए । ‘मर्निङ मिटिङ’ एक प्रकारले कोइराला परिवारभित्रको आफ्नै मौलिक राजनीतिक संस्कार बनिसकेको थियो । त्यसले सिंगो पार्टीलाई नै ऊर्जाशील बनाउँथ्यो । अब कोइराला परिवारको राजनीतिक विरासत थाम्ने जिम्मेवारी डा. शेखर कोइरालाको काँधमा छ । डा. शेखर केशव-नोनाका कान्छा छोरा छन् । यो बेला नेपाली कांग्रेसलाई पुनर्जीवन दिनका लागि फेरि एकपटक आमकार्यकर्ताको आशा र भरोसाको केन्द्र कोइराला परिवार हुन पुगेको छ ।

हरेक व्यक्तिको निजी जीवनमा ‘आमा’ नै पहिलो पाठशाला हुन्छिन् । नोना कोइरालामात्रै एक गृहणीका रूपमा सीमित रहिनन् । उनले त तत्कालीन सिंगो राजनीति र प्रजातन्त्रको लडाइँमा होमिएका आमनेपालीलाई आफ्नै सन्तानजसरी ममता र अभिभावकत्वको छहारीमा राखिन् । उनले सिकाएर गएको बाटोमा अब डा. शेखरका पाइलाहरू अगाडि बढ्न सके र त्यसलाई निरन्तरता दिन सके नेपाली कांग्रेसको त्यो राजनीतिक संस्कारको निरन्तरता आगामी पुस्ताका लागि पनि प्रेरणाको स्रोत हुनसक्छ ।

उनले गरिब, विपन्न एवं पछाडि परेका नागरिकलाई स्वास्थ्य एवं शिक्षा क्षेत्रमा महत्त्वपूर्ण सहयोग उपलब्ध गराएकी थिइन् । राजनीतिमा ३३ प्रतिशत महिलाको स्थान रहनुपर्ने माग उनले नै उठान गरेकी थिइन् । जसको परिणाम आज नेपाली महिलाहरूले राजनीति या सामाजिक क्षेत्रमा जुन अवसर प्राप्त गरेका छन् त्यसको मुख्य श्रेय उनलाई नै जान्छ । प्रजातन्त्र स्थापनाका लागि महिलालाई जागृत र गोलबद्ध बनाउने कार्यमा उनको भूमिका अविस्मरणीय छ । प्रजातन्त्र प्राप्तिपछि उनीसमेतको अगुवाइमा विराटनगरमा नारी जागृति नामक संस्थाको स्थापना भयो । यही संस्थाबाट नारीहरूलाई पढ्न लेख्न र सामाजिक रूपले अगाडि बढाउने अभियानमा उनले धेरै काम गरेकी थिइन् । आज त्यो संस्था आदर्श बालिका विद्यालयमा परिणत भएको छ । *रासस*

*(लेखक राजनीतिक विश्लेषक हुन्)*




# माान्छे बेच्ने नेता !

हस्याङफस्याङ गर्दै चन्द्रबहादुर भऱ्याङतिर दौडँदै थियो । होचो कदको चन्द्रबहादुर दौडन खुब सिपालु । चन्द्रबहादुरको दौडाइले गर्दा सबै उसैतिर ध्यान दिइरहेका थिए । पक्कै पनि केही न कही गढबढ भएको छ । वरपरकाले नजरअन्दाज गर्दै थिए । वल्लो कोठा र पल्लो कोठा गर्दै उसका दिन बित्थे । मानौं ऊ जत्तिको बेफुर्सदी मान्छे छैन । ऊ धेरै विषयमा भित्रभित्रै विषालु ।

‘मुखमा रामराम, बगलीमा छुरा’ चन्द्रबहादुरको विशेषता नै थियो । ऊसँग संगत गर्नु भनेको सर्पलाई दूध खुवाएर पाल्नुजस्तै हो भन्दै थिए केशव काका । ५५ वर्ष छिप्पिसकेका केशव काका सत्य बोल्थे, कसैसँग डराउँदैनथे ।

हिमालमा हिउँ टल्केजस्तो उनको शिरमा कपाल चाँदीको घेरा हालेर टल्किरहेको थियो । ढाँट्ने छल्ने भए पहिल्यै गरिन्थ्यो होला नयाँबानेश्वरमा भर्खरै बनेको नयाँ फल्चामा थचक्क बस्दै केशव काकाले भाका हाले । ‘बोल्नेको पिठो बिक्ने, नबोल्नेको चामल नबिक्ने’ सहर हो यो । ‘झूठको भर, सत्यको डर’ धेरै भएको बनावटी झकिझकाउ मान्छे बेच्नेको सहरमा को सत्य पाइएला र ? काकाले पसिना पुछ्दै भने ।

काकाको कुरा सायद उही सिंहदरबारभित्रको कार्यालयबाट लखरलखर हिँड्दै फल्चासम्म पुगेका झविन्द्रले बुझ्न सकेनन् । विचरा, बुझ्नु पनि कसरी ? काकाको शब्दवाण नै कता गएर ठोक्किने हो थाहा नै नहुने । जे होस् झविन्द्र बुझेजस्तो त गर्थे तर बुझ्न निकै कठिन थियो । तैपनि सोधे ।

‘काका, तपाईंले किन चन्द्रबहादुरलाई दूध खुवाएर सर्प पालेजस्तै हो भन्नुभएको ?’

काकाले झविन्द्रलाई भने, ‘सर्पलाई दूध खुवाएर पाल्दा के दिन्छ ?’

झविन्द्र अलमल्ल पऱ्यो । सर्पलाई पनि दूध ख्वाएर पालिन्छ र काका ? सर्प त विषालु पो हुन्छ त कसले पाल्ला र सर्प ? निकै दयालु पारामा काकासँग जिज्ञासा राख्यो ।

काका मुसुक्क हाँस्दै झविन्द्रलाई सम्झाउने प्रयास गर्थे । ‘हेर झविन्द्र, कुरो के हो भने जसरी सर्पलाई दूध खुवाएर पाल्दा पनि विषालु हुन्छ आजका मान्छे पनि त्यस्तै हुन् । त्यही भएर मैले चन्द्रबहादुरको उदाहरण मात्र दिएको हुँ ।’

‘ल तँ आफैं भन त, तैँले त्यो चन्द्रबहादुरलाई कत्ति सहयोग गरेको छस् । तर त्यसले तँलाई पाइलापाइलामा झूठको खेती गरिरहेको छ भने त्यो सर्पलाई दूध खुवाएर पालेजस्तो भएन ?’

तर, मैले त्यस्तो उसलाई कहिल्यै सोचिन, हजुरले कसरी सोच्नुभो काका ?

‘त्यही र त म काका भएँ नि । उमेर अनुभव सबै कुराले जसरी मेरो कपाल फुलिसक्यो त्यसैगरी म पनि फुलिसकेको छु । को कस्तो हो भन्ने कुरा अब इसारामा नै काफी छ नि ।’

‘चन्द्रबहादुर आज जुन अवस्थामा हस्याङफस्याङ गर्दै दौडिरहेको थियो । त्यो दिन आउँछ भनेर उसले कहिल्यै पनि सोचेन । सधैं शक्तिको वरपर मात्र मेरो बास हुन्छ भन्ने सोच्यो । अप्ठेरो पर्दा फेरि उही नजिकको साथी खोज्नेबाहेक अरू के भयो ?’

‘त्यो त हो काका,’ झविन्द्रले बुझेजस्तै गरी भन्यो ।

पहिलेपहिले भैँडाबाख्रा बेचिन्थे । अहिले मान्छे बेचिन थालिएको छ । त्यो पनि देश हाँक्ने नेताबाट । यो वा त्यो नाममा मान्छे बेच्नेहरूबाट के अपेक्षा राख्नु ? काकाले झविन्द्रलाई भन्दै थिए । नयाँ बानेश्वरको नयाँ फल्चामा अरू यात्रु पनि थकाइ मार्न बसेका थिए । केशव काकाले झविन्द्रलाई भन्दै गरेको सुनेर एक यात्रुले फ्याट्ट भनिहाले, ‘चोरहरूले राज गरेका छन्, सत्तामा ब्वाँसाहरू पुगेका छन्, संसद्मा हेऱ्यो उडन्ते, फिरन्ते, नातेदार, फरियादारहरूले कब्जा जमाएका छन् । अनि किन नहोस् त ? अरू बेच्ने चीज नै नभएपछि मान्छे नै बेच्ने त हुन् नि यिनले !’

झविन्द्र अलि अलमलियो । सिंहदरबारभित्र जागिर खान थालेको पनि चार-पाँच वर्ष नै बित्न लागिसक्यो तर ऊ मौन बस्नु वा बोल्नु हुन्न भन्ने विचारले प्रेरित थियो । तर, काका ड्याङ कि ड्याङ भन्थे । त्यही भएर पनि होला केशव काकाले कहिल्यै राम्रा अवसर पाएनन् ।

झविन्द्र पनि नबोल्ने, बोल्दा कसैले चित्त दुखाउँला भन्ने सोचले मनमा राखिरहने । अरूको नराम्रो कहिल्यै नसोच्ने भएकोले होला चन्द्रबहादुरहरूले निकै नै प्रयोग गरेका थिए । ऊ प्रयोग भइरहेको थियो ।

आज बल्ल मान्छे बेच्ने नेताको फेला परेको थियो चन्द्रबहादुर । चन्द्रबहादुरले अरूलाई बेवकुफ बनाउँदा बनाउँदै मान्छे बेच्ने नेताले चन्द्रबहादुरलाई नै हस्याङफस्याङ गर्ने अवस्था बनाइदिएकाले केशव काका आज दिल खोलेर फल्चामा सर्पलाई दूध खुवाएर पाल्न हुन्न है भन्दै छन् ।

काका मनमा राख्न नसक्ने । फल्चामा बसेकाहरूलाई पनि भ्याइहाले । ‘ल तपाईं वा तपाईंका परिवारका सदस्यहरू पनि बेचिनसक्छ है । आखिर हामीले मान्छे बेच्ने नेताहरू जन्माएका रहेछौं । पहिलेकाले नदीनाला बेचे । सिमाना बेचे । अहिलेकाले मान्छे बेचिरहेका छन् ।’

फल्चामा अघिदेखि काका र झविन्द्रको वार्तालाप सुनेर बसिरहेका यसो हेर्दा झुत्रे देखिने व्यक्तिले काकालाई धाप हाने । ‘ल हेर यो मान्छेले अहिलेसम्म आफ्नो विचारलाई मर्न दिएको रहेन छ । ऊ बेला पनि सत्यको जित हुन्छ भन्थ्यो अहिलेसम्म पनि सत्यका लागि लडिरहेको रहेछ ।’

उसको कुरा सुनेर केशव काका तीनछक्क परे । आफूलाई यसरी नियालिरहेको मान्छे उनले चिन्न सकेनन् । र सोधे, कसरी मेरो सत्यको मार्ग थाहा पाउनुभो ?

ती व्यक्तिले काकालाई भने, ‘म चिन्छु नि । धेरै वर्ष पहिले देशबाट श्रमका लागि मान्छे विदेश पठाउनुहुन्न भन्ने केशव तपाईं नै होइन र ? तपाईंकै कुरा सुनेर म यो देशमै छु । तर, आज हामीले प्रजातन्त्र हुँदै गणतन्त्रसम्म छानेका नेताहरू त मान्छे बेच्नेमात्र परे छन् ।’

दुवैले मुखामुख गरे । देखे देखेको जस्तो, चिने चिनेको जस्तो गरे । पञ्चायतकालमा युवापुस्ता पलायन होला भन्ने डरले राहदानी बनाउन पनि सरकारले निकै कडाइ गरेको ती व्यक्तिले केशवलाई भने । तर, अहिले विद्यार्थीका नाममा, श्रमिकका नाममा, पर्यटकका नाममा, गोष्ठी सेमिनारका नाममा पनि नेताहरूले मान्छे बेच्न थाले । एमालेका नेताले मान्छे बेच्ने, माओवादीका नेताले मान्छे बेच्ने, कांग्रेसका नेताले मान्छे बेच्ने, मधेसका नेताले मान्छे बेच्ने, नयाँ भनाउँदाहरूले मान्छे बेच्ने !

प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्रले जन्माएको भनेकै मान्छे बेच्ने नेता हो । हामीले जितायौं, चिनायौं सत्ता र शक्तिमा पुऱ्यायौं । देश बनाउने नेता होइन, मान्छे बेच्ने नेता बनायौं । ती व्यक्तिले एकोहोरो काकालाई सुनाए अनि जुरुक्क उठेर नयाँबानेश्वरतिर लागे । अरू त हेरेको हेऱ्यै भए ।



जयपुरजात्रा | दार्चुलास्थित लेकम गाउँपालिका-५ जयपुरस्थित लाटिनाथ मन्दिरमा आइतबार राति आयोजित जयपुरजात्रामा नाचगान गर्दै सहभागीहरू । *तस्बिर: किरणराज बिष्ट/रासस*

# वीरगञ्जमा यात्रुसँग दोब्बर भाडा असुल्दै सार्वजनिक यातायात

वीरगञ्ज (पर्सा)- छठ पर्व मनाएर काठमाडौं फर्किने यात्रुसँग वीरगञ्जका सार्वजनिक यातायातमा दोब्बर भाडा असुलिरहेको पाइएको छ। वीरगञ्जबाट हेटौंडा-काठमाडौं चल्ने टाटा सुमो, इलेक्ट्रिक बस तथा लामो रुटमा चल्ने सवारीसाधनमा साविककोभन्दा दोब्बर भाडा असुल्न थालिएको तर प्रशासनले भने कारबाही गर्न नसकेको यात्रुहरूको गुनासो छ।

हाल वीरगञ्जका बस काउन्टरमा यात्रुले टिकट पाउनसमेत मुस्किल छ। वीरगञ्ज महानगरपालिका-१५ लक्ष्मणवा बस्ने जयमोद ठाकुरले गत शनिबार आफ्नो छोरा वीरगञ्ज-हेटौंडा हुँदै काठमाडौं जाँदा इलेक्ट्रिक बसले दोब्बर भाडा असुलेको गुनासो गरे। 'मेरो छोरालाई वीरगञ्जबाट काठमाडौं पठाउँदा अन्य बेलाभन्दा दोब्बर भाडा तिरेर पठाए। अरु बेला वीरगञ्जबाट काठमाडौं जाँदा ८५० रूपैयाँसम्म लिने गरिन्थ्यो तर अहिले यातायात व्यवसायीले एक हजार ५०० रूपैयाँसम्मको भाडा मागे। यसरी जथाभावी ढंगले भाडा असुल्नेलाई प्रहरीले कारबाही गर्न सकिरहेको छैन,' उनले भने। ठाकुरले वीरगञ्जका यातायात व्यवसायीले बढी भाडा असुलेको विषयलाई लिएर आइतबार सामाजिक सञ्जाल फेसबुकमा भिडियोसमेत पोस्ट गरेका छन्।

व्यवसायीले अरु बेला टिकट दिने गरे पनि हाल टिकट छैन भनेर बढी मूल्य दिनेलाई मात्रै उपलब्ध गराउने गरेको आरोप लगाए। वीरगञ्ज बसपार्कमा यात्रु सहायता कक्ष राखेको भए पनि प्रहरी प्रशासनले यात्रुलाई राहत र बिचौलियालाई कानुनी दायरामा ल्याउन नसकेको ठाकुरको भनाइ छ।

जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख लोकराज भट्ट भने बढी भाडा लिएको भन्दै गुनासो आएपछि अनुगमनमा जाँदा गुनासोकर्ता नै सम्पर्कमा नआउँदा कारबाही गर्न समस्या भइरहेको दाबी गर्छन्। 'शनिबार पनि बढी भाडा लिएको भन्दै फोनमा गुनासो टिपाएपछि हामी त्यसबारे बुझ्न जाँदा पीडितपक्ष सम्पर्कमा नै आएनन्, अनि के आधारमा कारबाही गर्नु,' उनले भने, 'हामीले परवानीपुरमा पनि नियमित जाँच गरिरहेका छौं। कतिपय यात्रु बढी भाडा तिरेर जाँदा पनि ट्राफिक प्रहरीलाई रिपोर्ट नगर्दा त्यस्ता सवारीसाधनलाई कारबाही गर्न समस्या भइरहेको छ।'

पर्साका ट्राफिक प्रहरी प्रमुख भट्टले वीरगञ्जको गण्डकचोकबाट बढी भाडा लिएको गुनासो आएसँगै आइतबार एउटा सवारीसाधनलाई बढी भाडा लिएको भन्दै फिर्ता गराउन लगाएको जानकारी दिए। 'आइतबार बढी भाडा लिएको भन्ने एउटा सवारीसाधनबाट बढी भाडा फिर्ता पनि गरायौं,' उनले भने, 'बढी भाडा लिएको सवारीसाधनलाई आवश्यक कारबाही गर्नका लागि यातायात व्यवस्था कार्यालय वीरगञ्जलाई सिफारिस गरेका छौं।' *रासस*

# महामारीजन्य रोग नियन्त्रणमा स्वास्थ्य कार्यालयको कमजोरी

**भक्तपुर (प्रस)-** यहाँस्थित जिल्ला जनस्वास्थ्य कार्यालयले जिल्लाका स्वास्थ्य संस्था र महामारीजन्य रोगको तथ्यांक संकलन तथा अद्यावधिक नगरेको पाइएको छ। कार्यालयले यस्ता तथ्यांक संकलन, अनुगमनदेखि महामारी रोकथामका काम गर्नुपर्नेमा उक्त गतिविधि नगरेको पाइएको हो।

कार्यालयले आइतबार यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा भक्तपुर डेंगीको उच्च जोखिममा परेको जनाएको छ। तर जोखिमको अवस्था, बिरामीको संख्या, रोकथामबारे प्रश्न गर्दा भने जवाफ प्राप्त हुन सकेन।

जिल्ला जनस्वास्थ्य प्रमुख शान्तिराम खतिवडाले पत्रकार सम्मेलनमा सूर्यविनायक र चाँगुनारायण नगरपालिकामा परीक्षण नै नगर्ने डेंगीका बिरामी धेरै रहेको अनुमान गरे। उनले कतिपयले निजी अस्पताल एवं क्लिनिकमा डेंगी परीक्षण गर्नेहरूको तथ्यांकमात्रै कार्यालयसँग रहेको र अन्य तथ्यांक कार्यालयसँग नरहेको बताए।

उनले भने, 'समुदायको लापरबाहीले डेंगीको जोखिम बढेको छ, समुदायले आफ्नो टोल सफा राख्न सकेन, महामारी फैलियो।' प्रमुख खतिवडाले लामखुट्टे नियन्त्रण प्रभावकारी नहुँदा रोग नियन्त्रणमा नआएको बताए।

उनले डेंगी किटको शुल्क बढी लिएर परीक्षण गर्ने स्वास्थ्य संस्थाले जनस्वास्थ्य कार्यालयसँग तथ्यांक लुकाउन खोज्दा संक्रमितको यथार्थ तथ्यांक प्राप्त नभएको बताए। पत्रकार सम्मेलनमा भक्तपुर डेंगीको उच्च जोखिममा रहेको तर यसबारे कार्यालयले जानकारी लिन नसकेको कार्यालयका अधिकृत दीपक अच्छामीले बताए।

उनले भने, 'जिल्लाका चारवटा नगरपालिकामध्ये भक्तपुर र मध्यपुरथिमि नगरपालिकामा डेंगीको उच्च जोखिम छ, भक्तपुरमा हालसम्म एक हजार ७२९ जनामा डेंगी देखिएको जानकारी कार्यालयलाई आएको छ तर त्यसको तेब्बर व्यक्ति संक्रमित रहेको अनुमान छ।'

सरकारी अस्पतालबाट प्राप्त तथ्यांकअनुसार भक्तपुर नगरपालिकामा ७८२, मध्यपुरथिमिमा ४७७, सूर्यविनायकमा २५५ र चाँगुनारायणमा ६९ जना डेंगी संक्रमित छन्। तर, यो तथ्यांक वास्तविक नभएको कार्यालयका अधिकृत अछामीको भनाइ छ।

# घरमै धारा पुगेपछि हट्यो डोकोमा पानी बोक्ने बाध्यता



**त्रिवेणी (नवलपरासी)-** नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको देवचुली नगरपालिका-५ मौलाथुम्कीमा पानीको धारा घरघरमा पुगेपछि यहाँका स्थानीयको डोकोमा पानी बोक्ने बाध्यता हटेको छ। घरमा धारा नहुँदा खोला तथा घरदेखि पर रहेको ट्यांकीबाट पानी बोक्नुपर्ने बाध्यता थियो।

देवचुली नगरपालिकाको पहाडी क्षेत्रअन्तर्गत पर्ने मौलाथुम्कीकी भीमकुमारी लुंगेलीले अहिले घरमा धारामा पानी आएसँगै पहिले आफूहरूले गरेको दुःख बिर्सिएको बताइन्। खोलाबाट पानी बोक्दा दिन नै बित्ने गरेकामा अहिले घरमा धारा जोडिएपछि आफूहरूको दैनिकी नै फेरिएको उनले बताइन्।

'घरमा एक जनाको काम नै पानी बोक्ने हुन्थ्यो, अब घरमै धारा आएपछि खेतीपाती र पशुपालनमा समय दिन सकिने भयो,' उनले भनिन्, 'बल्ल डोकोमा पानी बोक्ने दिन सकिए।'

घरमै धारा अनि २४सै घण्टा पानी भएपछि दैनिक काम गर्न सहज भएको स्थानीय लालमाया बरालले बताइन्। पानीको सहजतासँगै घरको सरसफाइ, खेतीपाती र अन्य काममा समय दिन सहज भएको उनको भनाइ छ। पहिला खोलाको छेउमा तरकारी लगाउने गरेका मौलाथुम्कीवासीलाई अहिले घरघरमा तरकारीलगायत अन्य खेती गर्न सहज भएको हुनुका साथै समयकोसमेत बचत भएको छ।

देवचुली नगरपालिका र वास नमूना गाउँ परियोजनाको सहयोग तथा स्थानीयको श्रमदानमा १५ लाख ३९ हजार रूपैयाँ लागतमा एक घर, एक धारा निर्माण गरिएको हो। स्थानीयलाई खानेपानीको समस्या भएपछि वास नमूना गाउँ परियोजनासँग सहकार्य गरी खानेपानीको विस्तार गरिएको देवचुली नगरपालिकाका प्रमुख हरिप्रसाद न्यौपानेले बताए।

पानीको सहजताले घरमा सबैको समय बचत भएको साथै कृषि तथा पशुपालन सहयोग पुगेको मौलाथुम्की खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका अध्यक्ष गिरिप्रसाद बरालले बताए। 'पहिला नगरपालिकाले सानो खानेपानी ट्यांकी बनाएको थियो, गाउँका सबैले त्यहाँबाट डोकामा पानी बोक्नुपर्ने बाध्यता थियो,' उनले भने। अहिले सबैको घरमा तरकारी उत्पादन भएपछि तरकारी किनेर खानुपर्ने बाध्यता पनि हटेको छ।

देवचुली नगरपालिका र वास नमूना गाउँ परियोजनाको साझेदारीमा मौलाथुम्कीमा खानेपानी तथा सरसफाइ अभियान सञ्चालन गरिएको परियोजनाका व्यवस्थापक प्रवीण घिमिरेले बताए। परियोजनाले देवचुली-५ र ६ मा ग्रामीण खानेपानी स्तरोन्नतिसँगै समुदायमा सरसफाइसम्बन्धी अभियान सञ्चालन गर्दै आएको छ। *रासस*

# साउनयता ६०० भन्दा बढीमा स्क्रब टाइफस

**चितवन (प्रस)-** जिल्लाका विभिन्न अस्पतालमा उपचारका लागि आएका बिरामीमध्ये ६०६ जनामा स्क्रब टाइफसको संक्रमण देखिएको छ। जनस्वास्थ्य कार्यालय चितवनका अनुसार साउनयता तीन हजार २१७ जनामा परीक्षण गर्दा सो संख्यामा संक्रमण पुष्टि भएको हो।

कार्यालयका जनस्वास्थ्य अधिकृत विमल पटेलका अनुसार संक्रमितमध्ये ३०६ जना चितवनका हुन् भने ३०० जना जिल्ला बाहिरका रहेका छन्। जिल्लामा संक्रमितमध्ये सबैभन्दा धेरै भरतपुर महानगरपालिकाका १४६ जना र सबैभन्दा कम माडी नगरपालिकाका आठजना रहेका छन्।

यस्तै रत्ननगर नगरपालिकाका ४५ जना, खैरहनी नगरपालिकाका ३० जना, राप्ती र कालिका नगरपालिकाका २७/२७ जना र इच्छाकामना गाउँपालिकाका २३ जना रहेका छन्। संक्रमितमध्ये एक जनाको मृत्यु भएको छ।

साउनयता आएका बिरामीमध्ये तीन हजार २८० जनामा डेंगीको संक्रमण पुष्टि भएको छ। १० हजार ५७३ जनाको परीक्षणका क्रममा उनीहरूमा डेंगीको संक्रमण पुष्टि भएको हो। जसमध्ये दुई हजार ५२० जना चितवनका रहेका छन् भने ७६० जना जिल्ला बाहिरका रहेका छन्। जिल्लामा संक्रमितमध्ये दुई जनाको मृत्यु भएको छ।


## युएइमा रोजगार

कम्पनी : GULF OASIS MANPOWER SUPPLY L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/०७/२३ | LT. No. 313105 | चलानी नं. ६०२२७८३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 25 | 0 | 900 | ३३,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर ४ गते (19th Nov. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

GULF MANAGEMENT INTERNATIONAL PVT.LTD

श्रम इजाजत नं. ७८८/०६५/०६६

Tokha-9, Gongabu, Kathmandu, Nepal, Tel. :- +977-1-5906493, 4970134, Mobile: 9851231432, 9849205504, 9851040203, E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com



## साउदीमा रोजगार

कम्पनी : NADA ADEL ALI ARISHI GENERAL CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०८१/०७/२६ | LT. No. 313218 | चलानी नं. ६०२२७७८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 1 | 0 | 1800 | ६५,०६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर ४ गते (19th Nov. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

HALESI OVERSEAS PVT LTD

Govt. License No. 1161/073/74

Gaushala-9, Ratopul, Kathmandu, Nepal, Tel: 4489975, Mob: 9851057208, E-mail : halesioverseas074@gmail.com



## धितोपत्र ऐन, २०६३ र विशिष्टिकृत लगानी कोष नियमावली, २०७५ बमोजिम संस्थापित "रिलायबल प्राइभेट इक्वीटी फण्ड" को इकाईधनीहरुको

### प्रथम वार्षिक सभा सम्बन्धी सूचना

यस रिलायबल प्राइभेट इक्वीटी फण्डको मिति २०८१ कार्तिक २१ (तदनुसार 6th November 2024) गते बसेको कोषको बोर्डको दोश्रो बैठकको निर्णयानुसार यस इकाईधनीहरुको प्रथम वार्षिक सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा रिलायबल प्राइभेट इक्वीटी फण्डको विधानको दफा १९ अनुसार सम्पूर्ण इकाईधनी महानुभावहरुको जानकारी एवं रितपूर्वक प्रतिनिधि वा इकाईधनी स्वयं उपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, समय र स्थान**

मिति : २०८१ साल मंसिर १९ गते, बुधबार (तदनुसार 4th December 2024, Wednesday)

समय : अपरान्ह ४:०० बजे।

स्थान : अकामा होटल, धुम्बाराही, काठमाडौं (अनलाईन माध्यमबाट सहभागी हुन चाहने इकाईधनी महानुभावहरुले Zoom Meeting को ID/Password को लागि सम्पर्क गर्न अनुरोध छ)।

**छलफलका विषयहरु**

**(क) साधारण प्रस्तावहरु:**

१. कोषको कार्य सम्पादन रणनीति एवं कामकारवाहीको समीक्षा गर्ने सम्वन्धमा।
२. कोषको लेखापरीक्षण गरिएको वित्तीय विवरण सहितको वार्षिक प्रतिवेदन २०८०/०८१ पारित गर्ने सम्वन्धमा।
३. आर्थिक वर्ष २०८१/०८२ को लागी लगानीहरुको स्वतन्त्र मूल्याङ्कनकर्ता नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा।
४. विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ को नियम २८ बमोजिम आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा।
५. कोषको बोर्डको नियुक्ति एवं कोषको बोर्डका सदस्यहरुको बैठक भत्ता स्वीकृत गर्ने सम्वन्धमा।

**(ख) विविध।**

**कोषको बोर्डको आज्ञाले**
**कोष व्यवस्थापक**

RELIABLE VENTURE CAPITAL LIMITED

बालुवाटार, काठमाडौं, नेपाल, फोन: ०१ ५९११२९७

इमेल: info@reliableventure.com.np



## बाइक हराएको सूचना

मिति २०८१।०७।२२ गते काठमाडौं जिल्ला, तारकेश्वर-४ सानोपुल नजिक पार्किङमा राखेको अवस्थामा कालो/रातो रङको हुलाश अटो कम्पनीको 220 cc बाइक करिब २०:४० बजेतिर हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु।

**धनीको नाम : रोस तामाङ**
**बाइक नं.: बा.प्र.०२-०५१ प ४७८१**
**च्यासिस नं.: MD2A13EX0RCB80808**
**इन्जिन नं. : DKXCRA16778**
**ठेगाना: काठमाडौं जिल्ला तारकेश्वर-४, सानोपुल**
**सम्पर्क: ९८१३८९२९१९**



## मोटरसाइकल हरायो

चन्द्र बहादुर मुक्तानको नाममा रहेको। निम्न व्योहोरा रहेको मोटर साइकल मिति २०८१/०७/२५ गते का.जि.का.न.पा बल्खु तरकारीबजार बाट बेलुकीको ०६:०० बजे तिर हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरि दिनु होला।

प्रकार - Bajaj Pulsar 220 C.C.
बाई नं. BA Pra-02-044 PA 6637
चेसिस नं. MD2A13EX1MCJ97896
इन्जिन नं. DKXCMJ32412
रङ - BLACK/RED
ठेगाना - काठमाडौं
सम्पर्क - 9841060837



## Qatar मा रोजगार

**1. Malavilla for Water production & Bottling**

पुर्व स्वीकृती मिति: २०८१/७/२३ | चलानी नं. ६०२२७८०५ | LT No.: 313068

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Labourer (Male) | 20 | 0 | काममा दक्ष | 1000 | ३७,०००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| २. | Supervisor | 15 | 0 | | 2500 | ९२,५००।- | | | | | | | |

**2. Al Emtiyaz Factory**

पुर्व स्वीकृती मिति: २०८१/०७/२५ | चलानी नं.: ६०२२७८०४ | LT No.: 313069

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | LABOURER (MALE) | 25 | काममा दक्ष | 1000 | ३७,०००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता २०८१ कार्तिक ४ गते (19 Nov., 2024) यस प्रा. लि. को कार्यालय सिनामंगल काठमाडौंमा हुनेछ।

POWER EMPLOYMENT PVT. LTD.

Lic. No.: 1194/073/074

Sinamangal, Kathmandu, GPO Box : 43435, Ph. : 01-4483830, 4488308

Email : poweremploymentnepal@gmail.com



## खानीखोला गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

साल्मेचाकल, काभ्रेपलाञ्चोक

बाग्मती प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सात (७) दिने सूचना

सूचना प्रकाशन मिति : २०८१/०७/२७

यस खानीखोला गाउँपालिकाद्वारा तपशिलको निर्माण योजनाको कार्यान्वयनका लागि मिति २०८१/०६/११ गतेको राष्ट्रिय दैनिक पत्रिकामा विद्युतिय बोलपत्र आह्वानको सूचना प्रकाशन गरीएकोमा म्याद भित्र दर्ता हुन आएका बोलपत्रहरुको मुल्याङ्कन गरि तपशिल बमोजिमको निर्माण कम्पनीको बोलपत्र स्वीकृत गर्ने आशयको सात (७) दिने सूचना सार्वजनिक खरिद ऐन, २०६३ दफा २७ को उपदफा २ र दफा ४७ बमोजिमको प्रयोजनार्थ सम्बन्धित व्यवसायीहरुको जानकारीका लागि प्रकाशन गरिएको छ।

**तपशिल**

| सि.नं. | योजनाको नाम | ठेक्का नं. | कम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही निर्माण कम्पनीको नाम | कवोल रकम (मु.अ.कर. र PS सहित) |
|---|---|---|---|---|
| १. | Taldhunga Mahangkal Heltar Sadak Staronnati | KRM-W-R-01-081/82 | Juliyan Construction Nepal Pvt. Ltd., Panauti-5, Kavre | NRs. 57,58,660.25 /- |

**प्रमुख प्रशासकीय अधिकृत**

# प्रभाव दैनिक

मंगलबार, २७ कात्तिक २०८१ (Tuesday, November 12, 2024)





## 'हरिबहादुरको जुत्ता'मा प्रियंका कार्कीको इन्ट्री

दीपेन्द्र के. खनालको निर्देशनमा बन्न लागेको फिल्म 'हरिबहादुरको जुत्ता'मा प्रियंका कार्कीको इन्ट्री भएको छ । अभिनेताद्वय हरिवंश आचार्य, प्रकाश सपूत र मुख्य अभिनेत्रीमा स्वस्तिमा खड्कापछि प्रियंकाको इन्ट्री भएको हो । फिल्मका निर्माता र निर्देशकले प्रियंकासँग कागजी सम्झौता गरेका छन् । प्राप्त जानकारी अनुसार यस फिल्ममा प्रियंकाको सहायक भूमिका हुनेछ । आफैं फिल्म निर्माणको तयारीमा समेत रहेकी प्रियंकाको निर्देशक खनालसँग यो चौंथो सहकार्य हुनेछ । यसअघि उनले खनालसँग 'भिजिलान्ते', 'झोले' र 'चंगा चेट'मा काम गरेकी थिइन् ।



# 'ग्ल्याम नेपाल इन्टरनेसनल २०२४'का लागि ३० मोडल छानिए

■ प्रभाव संवाददाता

**काठमाडौं–** 'ग्ल्याम नेपाल इन्टरनेसनल २०२४'का लागि ३० मोडल छनौट भएका छन् । शनिबार होटल हिमालयनमा आयोजना भएको मोडल छनौट अडिसनबाट ६ मेल र २४ फिमेल गरेर ३० मोडल छानिएका हुन् । अडिसनमा मेल र फिमेल गरेर २०० बढीले अडिसन दिएका थिए । छनौट भएका मोडलको नामावली केही समयपछि सार्वजनिक गर्ने आयोजक प्रारम्भ प्रोडक्सनका फाउन्डर निर्देशक पवन आचार्यले बताए ।

छनौट चरणको निर्णायकमा डा. उदीप श्रेष्ठ (सिइयो संस्थापक हेल्दी च्वाइस एस्थेटिक्स अस्पताल), युवराज श्रेष्ठ (अध्यक्ष प्लाजा समुह), सुस्मा कार्की (संस्थापक केक्षुस्कालोजी)रमिला नेमकुम (संस्थापक कासा), दीपक ज्ञवाली (संस्थापक ग्ल्याम नेपाल इन्टरनेसनल) रहेका थिए ।




हेल्दी च्वाइस प्रयोजक रहेको फेसन शो 'ग्ल्याम नेपाल इन्टरनेसनल २०२४' आगामी १४ डिसेम्बरमा होटल याक एण्ड यतिमा आयोजना हुदैछ । तीन सिजन भव्य रूपमा सम्पन्न भैसकेको 'ग्ल्याम नेपाल इन्टरनेसनल'को यो चौथो सिजन हो । शोमा शोटपरको रूपमा सहभागी हुन बलिउडकी चर्चित अभिनेत्री उर्वशी रौटेला पनि नेपाल आउनेछिन् ।

शोमा सहभागी मोडलहरूमा फिमेलका लागि ५.४ फिट र मेलका लागि ५.१० फिट हाइट माथि हुनुपर्ने प्रावधान आयोजकको रहेको थियो । शोमा नेपालका उत्कृष्ट डिजाइनरहरूले तयार पारेको आकर्षक र नयाँ फेसनका डिजाइनहरू फेसन शोमा बिभिन्न सिक्वेलमा प्रस्तुत हुनेछ । फेसन नयाँ र आकर्षक पहिरनको बारेमा फेसन प्रेमीलाई जानकारी दिने र फेसन डिजाइनरलाई प्रोत्साहन गर्ने उदेश्यले फेसन शो आयोजना गर्न लागिएको हो । कलाकार, व्यवसायी लगायत बिभिन्न व्यक्तिहरूको सहभागीता रहने शोका उत्कृष्ट मोडल तथा डिजाइनरले अष्ट्रेलियामा हुने ग्ल्याम इन्टरनेसनलमा सहभागीको अवसर प्राप्त गर्नेछन् ।

# लन्डनमा गुञ्जँदै 'कन्दरा' र स्वप्न सुमन

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालको स्थापित म्युजिक ब्यान्ड 'कन्दरा'ले लन्डनमा कन्सट गर्ने भएको छ । 'कन्दरा'ले आफ्नो यात्राको ३२औं वर्षगाठ पारेर विश्व प्रतिष्ठित कन्सर्ट भेन्यू लन्डन ओटुमा उत्सव स्वरूप कार्यक्रम गर्न लागेको हो ।

आगामी ४ जनवरीमा आयोजना हुने कार्यक्रममा 'कन्दरा'सँगै गायक स्वप्न सुमनले पनि सांगीतिक प्रस्तुति दिने कार्यक्रमको आयोजक मामाघर इन्टरटेनमेन्टले जानकारी दिएको छ । कार्यक्रममा कोल्याब ब्यान्डको समेत आकर्षक प्रस्तुति रहने आयोजकले जनाएको छ ।

थुप्रै चर्चित गीत दिएका 'कन्दरा' पहिला घरदेश अनि परदेशको नारासहित विश्व भ्रमणमा निस्कन लागेको 'कन्दरा'ले शनिबार काठमाडौंमा पनि कन्सट गरेको थियो ।

कन्दराका तिमी पारी, चन्चले कान्छी, लेककी हे माया, हङकङ पोखरा, तगारोमा रुमाल जस्ता अनेकौं गीत चर्चित छन् । चर्चित गीत र नयाँ गीत कार्यक्रममा राख्ने 'कन्दरा'ले जनाएको छ । आयोजकले कार्यक्रमको टिकट अनलाइन मार्फत उपलब्ध गराएको छ ।



## रंगशाला

# पार्कर खेलाडी दिनेशलाई अन्तर्राष्ट्रिय मदर टेरेसा पुरस्कार




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालका पार्कर खेलाडी दिनेश सुनारलाई यस वर्षको 'अन्तर्राष्ट्रिय मदर टेरेसा' पुरस्कार प्रदान गरिएको छ । अठार पटक गिनिज विश्व रेकर्डमा नाम लेखाउन सफल सुनारले खेल क्षेत्रसँगै समाजमा पुर्‍याएको उत्कृष्ट योगदानको कदर गर्दै उनलाई नयाँ दिल्लीमा आयोजित विशेष समारोहमा सो पुरस्कार प्रदान गरिएको हो ।

दिनेश सुनारले आफ्नो प्लेटफर्म र पार्कौर कौशललाई विश्व रेकर्ड कायम राख्न मात्र नभई युवाहरूलाई प्रेरणा दिन, स्वस्थ जीवनशैलीलाई प्रोत्साहन गर्न र नेपाललाई अन्तर्राष्ट्रिय मञ्चमा चिनाउँदै आएका छन् । मानवतावादी सेवा, सामाजिक कार्य र शान्ति निर्माणका क्षेत्रमा योगदान दिने व्यक्तिहरू र संस्थाहरूलाई सम्मानित गरिने यो पुरस्कार स्वर्ण भारत परिवार नामक संस्थाले प्रदान गर्दै आएको छ । भारतका डा बेनेट फरनान्डेज, मेक्सिकोकी रीता अगुइलर गोन्जालेज, सिङ्गापुरकी डा. म्यारी एङ, अमेरिकाकी डा. लिनोरा पिटरसन, जिम्बाबेकी डा. प्याट्रसिया गोन्डे, बेलायतकी अलिसन चिवारालगायतसमाजमा विभिन्न क्षेत्रमा महत्वपूर्ण योगदान दिएका एक हजार एकजनामध्ये उनी नेपालबाट एकजना मात्र रहेका छन् ।

समर्पण र अनुशासनमार्फत सुनारले आफ्नो शारीरिक तन्दुरुस्ती र जोसले विशेषगरी खेलकुद र पहिचानको अवसर सीमित रहेका ग्रामीण समुदायमा सकारात्मक प्रभाव पार्न योगदान पुर्‍याउँदै आएका छन् । मदर टेरेसाका मूल्य मान्यतासँग मेल खाने योगदानलाई प्रोत्साहित गर्न र प्रवर्द्धन गर्न स्थापना गरिएको यो पुरस्कार उपेक्षित समुदायको उत्थान, वञ्चित वर्गका लागि स्वास्थ्य सेवा र शिक्षा प्रदान गर्न तथा विश्व शान्ति र सौहार्द्रको भावना जागृत गराउन करुणा र निःस्वार्थ सेवा गरेबापत प्रदान गर्ने गरिन्छ ।

पुरस्कार प्राप्त गरेपछि सुनारले विश्वभरिका सामाजिक रूपमा प्रभावशाली र बौद्धिक व्यक्तित्वसँगै आफू पनि सम्मानित हुन पाउँदा आफूले गरेको मेहनतले सार्थकता पाएको महसुस भएको बताउँदै नेपाललाई विश्वभर चिनाउन सकेकामा गौरवान्वित भएको बताए । उनले भने, 'नेपाली खेलाडीका रूपमा मैले पाएको सम्मानले विश्वभरिका युवाहरूलाई प्रेरित गर्दछ, जतिसुकै चुनौती आए पनि आफूले चाहेको उपलब्धि हासिल गर्न सकिन्छ भन्ने सन्देश दिएको छ ।'

हाल अमेरिकामा रहेर पार्करजस्तो उल्लेखनीय कलाबाट नेपाली खेलकुद र सांस्कृतिक आदानप्रदानमा सक्रिय हुने क्रममा विभिन्न प्रदर्शनी र विश्वकीर्तिमानी प्रवर्द्धनमा सक्रिय हुँदै आएका छन् । उनको यो अदभूत कला सिटी अफ एक्रोनका मेयर डेनियल होरिगानले गत २१ अप्रिललाई दिनेश सुनार डे नै घोषणा गरेका थिए भने अमेरिकाको हाउस अफ रिप्रेजेन्टेटिभले १० फेब्रुअरीमा सम्मान गरेको थियो ।

यति मात्र होइन, गिनिज वर्ल्ड रेकर्डस डेमा संसारका उत्कृष्ट पाँच रेकर्ड होल्डरभित्र उनी पनि परेका थिए । उनले २०२१ मा अक्रोन, ओहोयोमा भुटानिज कम्युनिटी एसोसिएसन इंक, अक्रोनको सहयोगमा सनसाइन तेक्वान्दो एकेडेमीद्वारा आयोजित कार्यक्रममा ३० सेकेन्डमा सबैभन्दा पूर्ण ट्विस्ट ब्याकफ्लिप्सका लागि विश्वकीर्तिमान तोडेका थिए भने ९ मार्च २०२३ मा न्युयोर्कमा जिपिके फाउन्डेसनले आयोजना गरेको कार्यक्रममा एक मिनेटमा सबैभन्दा धेरै २१ पटक डाइभिङ गर्ने गिनिजवर्ल्ड रेकर्ड तोडेका थिए ।


**कुवेतमा रोजगार** कम्पनी : Retailco Ladies Beauty Salon Company

पूर्व स्वीकृति मिति : २०८१/०७/२६ LT. No. 313424 चलानी नं. ६०२२७८२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | beautician | 0 | 2 | 150 | ६६,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TIWAN SPA MEN'S HEALTH INSTITUTE

पूर्व स्वीकृति मिति : २०८१/०७/२६ LT. No. 313423 चलानी नं. ६०२२७८२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Massage | 3 | 0 | 150 | ६६,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : VERY FAST RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०७/२६ LT. No. 313422 चलानी नं. ६०२१७८२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef Assistant. | 3 | 0 | 140 | ६१,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर ४ गते (19th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

